नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

वर्ष ३ • अंक ३१७ • २०८२ साल कार्तिक ०१ गते शनिवार • Saturday 18, October 2025 • सूर्योदयः बिहान ०६:०५ बजे • सूर्यास्तः साँझ ५:३६बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## शान्तिसुरक्षाको अनुभूति दिलाउन निर्देशन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका मुख्यमन्त्री जीतेन्द्रप्रसाद सोनलले प्रदेशमा शान्ति, सुव्यवस्था कायम गर्दै आमनागरिकमा सुरक्षाको अनुभूति हुनेगरी काम गर्न सरोकार भएकालाई निर्देशन दिएका छन् । जनकपुरधाममा आयोजित प्रदेशका सुरक्षा निकायका प्रमुख, प्रदेश सरकारका प्रमुख सचिव, सचिव तथा सरोकार भएकाहरूसँगको बैठकमा उनले जनतालाई सरल, पारदर्शी रूपमा शीघ्र सेवा प्रवाह गर्न सरोकार भएका सबैलाई आग्रह गरे । उनले पछिल्लो समय जेन्जी पुस्ताबाट भएको प्रदर्शनको मर्मअनुसार सुशासनसहित छिटोछरितो रूपमा सेवा प्रवाह गर्नु सरकारको दायित्व भएकाले सोहीअनुसार गतिविधि सञ्चालन गर्न सबै मन्त्रालयका सचिवहरूलाई निर्देशन दिए । मुख्यमन्त्री सोनलले प्रदेश सुरक्षा निकायअन्तर्गत नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धानका प्रमुख, प्रदेश सरकारका प्रमुख सचिव, मन्त्रालयका सचिवलगायतसँग छलफल गरे । बैठकमा बिनाविभागीय मन्त्री महेशप्रसाद यादव र कनिश पटेलको पनि उपस्थिति थियो।

# नेपाललाई विश्वकप छनोटको उपाधि

**विश्वकप खेल्ने टिमः**
आयोजकः भारत र श्रीलंका

**२०२४ को विश्वकपबाट छानिएका**
अफगानिस्तान, अष्ट्रेलिया, बंगलादेश, इङ्ल्यान्ड, दक्षिण अफ्रिका, अमेरिका र वेष्ट इन्डिज

**आइसीसी टिम वरीयता अनुसारः**
पाकिस्तान, आयरल्यान्ड र न्युजिल्यान्ड

**क्षेत्रीय छनोटबाट आएकाः**
क्यानडा, इटाली, नेदरल्यान्ड्स, नेपाल, ओमान, यूएई, नामिबिया र जिम्बावे




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली राष्ट्रिय क्रिकेट टिम सन २०२६ मा हुने विश्वकपमा पुगेको छ । भारत र श्रीलंकामा हुने २०२६ को विश्वकपमा नेपालले स्थान बनाएको हो । नेपालसँगै इस्ट एसिया प्यासिफिक क्षेत्र छनोटबाट यूएई र ओमान पनि विश्वकप खेल्नेछन् ।

शुक्रबार नेपालले सामोआलाई हराउँदै आइसिसी पुरुष टी–२० विश्वकप एसिया तथा इस्ट एसिया पेसिफिक छनोटको उपाधि जितेपछि विश्वकपको यात्रा तय भएको हो । छनोट खेलमा नेपाल अपराजित रह्यो । ओमानको अल अमिरतस्थित ओमान क्रिकेट एकेडेमी टर्फ–१ मा भएको अन्तिम खेलमा सामोआलाई १ सय २४ रनले हराउँदै नेपाल प्रतियोगिताको च्याम्पियन बन्न सफल भएको हो ।

नेपालले जितका लागि दिएको २ सय १२ रनको विशाल लक्ष्य पछ्याएको सामोआ निर्धारित २० ओभरमा सात विकेट गुमाएर ८७ रनमा समेटियो ।

उसका लागि सिन सोलियाले सर्वाधिक ४० रन बनाए । नेपालका लागि ललित राजवंशीले तीन विकेट लिए भने करण केसी, सन्दीप लामिछाने र रोहित पौडेलले समान एक–एक विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा चार विकेट गुमाएर दुई सय ११ रनको योगफल बनाएको थियो । नेपालको लागि आसिफ शेखले सर्वाधिक ६९ रनको योगदान दिए । उनले ४१ बलमा सात चौका र चार छक्का प्रहार गर्दै ६९ रनको योगदान दिएका हुन् । त्यसैगरी नेपालका अर्का खेलाडी दीपेन्द्रसिंह ऐरीले ५३ रन बनाए । उनले ३३ बलमा दुई चौका र चार छक्काको मद्दतमा ५३ रन जोडेका हुन् । लोकेश बमले ३९ रन जोड्दा कप्तान रोहित पौडेलले अविजित २१ रन बनाए । कुशल भुर्तेलले १७ रन जोडेर आउट भए ।

यता सामाओका लागि ड्यानियल बर्गेस, सौमानी टाई, ड्यारियस भिसर, नुह मिडले समान एक–एक विकेट लिए । यसअघि नेपालले समूह चरणमा कुवेत र जापानलाई हराएको थियो । त्यसैगरी नेपालले सुपर सिक्सको पहिलो खेलमै युएईमाथि एक रनको रोमाञ्चक जित निकालेको थियोभने दोस्रो खेलमा कतारविरुद्ध पाँच रनको जित निकालेको थियो । तेस्रो खेलमा नेपालले ओमानलाई ३८ रनले हराएको थियो ।

यस छनोट प्रतियोगिताबाट नेपाल, युएई र ओमानले आगामी वर्ष भारत र श्रीलङ्कामा संयुक्त रूपमा हुने टी–२० विश्वकपको टिकट काटिसकेका छन् । विश्वकप आगामी माग २७ देखि फागुन २४ गतेसम्म हुँदैछ ।

**भारतसँग भारतमै खेल्ने रुचि**

नेपालका कप्तान रोहित पौडेल भन्छन्, 'भारतमा गएर भारतसँग खेल्न मन छ ।' खेलपछिको पोस्ट म्याचमा रोहितलाई विश्वकप सम्बन्धी प्रश्न सोध्दा उनले भारत, अष्ट्रेलिया र इङ्ल्यान्डको नाम लिएका थिए । भारतको विरुद्धमा खेल्ने रहर छ । भारतमा भारतविरुद्ध खेल्न पाउनु निकै रमाइलो हुन्छ । 'भारत र अष्ट्रेलियाविरुद्ध खेल्ने इच्छा छ । इङ्ल्यान्डले पनि निकै राम्रो गरिरहेको छ ।' उनले प्रतिद्वन्द्वी छान्दा निकै बलिया प्रतिस्पर्धीको नाम लिए । उनले प्रतियोगिता अवधिभर नेपाली टिमको बलिङ र फिल्डिङ निकै राम्रो रहेको बताए ।



## सुनपसलमा छापा

# व्यापारी र प्रहरीबीच झडपले जनकपुर तनावग्रस्त



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अवैध रुपमा भित्रिएको सुनचाँदी जनकपुरको बजारमा बिक्री भइरहेको सूचनाका आधार राजश्वको टोलीले छापा मार्न जाँदा व्यापारी र प्रहरीबीच झडप हुँदा शुक्रबार साँझ जनकपुर बजार तनावग्रस्त भएको छ । जनकपुरधामका सुनचाँदी पसलहरुमा चेकजाँच गर्न थालेपछि टोलीसँगै गएका प्रहरीमाथि ढुंगामुडा गर्न खोज्दा झडप भएको हो ।

व्यापारीहरुले प्रहरीमाथि ढुंगामुडा गर्न थालेपछि प्रहरीले लाठी चार्ज गरेको थियो । जनक चोकमा समेत व्यापारीहरुले प्रहरीमाथि ढुंगामुडा गर्न थालेपछि प्रहरीले ५ राउन्ड अश्रुग्यास प्रहार गरेको छ भने ६ राउन्ड हवाई फायर गरेको छ । प्रहरीको लाठी चार्जबाट जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी घाइते भएका छन् । त्यसैगरी ५ जना प्रहरीसमेत घाइते भएका छन् ।

जनकपुर सुनचाँदी व्यवसायी संघका अध्यक्ष पवन ठाकुरले धनतेरसको एक दिनपूर्व व्यापारीहरुलाई तर्साउन गरिएको काम गलत भएको बताए । उनले सहजरुपमा खानतलासीको अवस्था हुँदाहुँदै प्रहरीले आतंक सृजना गरेको आरोप लगाए । साँझदेखि व्यापारीहरुले पसल बन्द गरेर नाराबाजी गरेका छन् । प्रहरी प्रशासनविरुद्ध उनीहरुले नाराबाजी गरेका हुन् । शुक्रबार राति अबेरसम्म जनकपुरधामको सुनचाँदी बजार तनावग्रस्त बनेको थियो ।

- **सुन तोलाको दुई लाख ५८ हजार**

सुनको मूल्य हालसम्मकै उच्च बिन्दुमा पुगेको छ । शुक्रबार सुन प्रतितोला दुई लाख ५८ हजार रुपैयाँमा कारोबार भएको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ । यस्तै, चाँदी प्रतितोला तीन हजार ३ सय ५० रुपैयाँमा किनबेच भएको छ । बिहीबार सुन प्रतितोला दुई लाख ५० हजार ९ सय रुपैयाँ र चाँदी प्रतितोला तीन हजार २ सय ७५ रुपैयाँमा कारोबार भएको थियो । अन्तरराष्ट्रिय बजारमा सुन प्रतिऔँस चार हजार ३ सय ६० अमेरिकी डलर हाराहारीमा कारोबार भइरहेको छ । बिहीबार पनि सुनको भाउ एकैदिन दुई हजार रुपैयाँले बढेर तोलाको दुई लाख ५० हजार नौ सय रुपैयाँमा कारोबार भएको हो । मंगलबार सुनको भाउ तोलाको दुई लाख ४८ हजार नौ सय रुपैयाँ थियो । सुनसँगै चाँदीको भाउ पनि बढेको छ ।

- **धनतेरसमा सुनचाँदी किन्न मुस्किल**

धनतेरस पर्वमा अघिल्ला वर्षहरुको तुलनामा यसवर्ष गरगहना निकै महँगो भएको छ । सुनचाँदीको भाउले आकाश छोएपछि थोरै भए पनि सुनचाँदी किनेर धनतेरस पर्व मनाउने निरास भएका छन् । परम्परागतरुपमा गच्छेअनुसार थोरै भए पनि सुनचाँदी किनेर यो पर्व मनाउनेलाई बाधा पुगेको हो ।

पोहोरपरारको तुलनामा यसपालि सुनको भाउले दैनिक कीर्तिमान कायम गरिरहेको छ । धनतेरसका दिन सुनका गहनालाई लक्ष्मीका रुपमा मान्नेहरु थोरै सुन किनेर भय पनि घर भित्र्याउने चलन रहिआएको छ । धनतेरसका दिनलाई विशेष गरेर आर्थिक समृद्धिसँग जोडेर हेर्ने गरेको स्थानीय व्यापारी बताउँछन् । तर यसपालिको महंगीले बजारमा किनमेल गर्नेको खासै उपस्थिति न देखिँदा व्यापारी समेत निरास देखिएका छन् ।




# स्वास्थ्यमा फेरि ७ करोड लुट्ने गरी इबिडिङ ?

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकार ढलेको र नयाँ नबनेको मौका पारेर मधेश प्रदेशमा कर्मचारी र स्वास्थ्य क्षेत्रका माफियाहरुले चलखेल गरेको पाइएको छ । नयाँ मुख्यमन्त्री बने पनि स्वास्थ्य मन्त्रालयबारे निर्णय नहुँदा र प्रदेश कार्यविधि पनि नबनेको अवस्थामा माफियाहरुले कर्मचारीमार्फत चाडपर्वको मौका पारेर ७ करोड रुपैयाँ हिनामिनाको योजना बनाएको देखिएको छ ।

मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत प्रदेश जनस्वास्थ्य प्रयोगशालाले टेण्डरमा बदमासी गर्ने नियत राखेको भन्दै अख्यितार दुरुपयोग अनुसन्धान आयोगमा शुक्रबार उजुरी दर्ता भएको छ ।

प्रयोगशालाले सन २०२५ सेप्टेम्बर २८ तारिखमा गरेको इबिडिङको टेन्डर करिब १२ करोड रुपैयाँ बराबरको रहेको र यसमा ७ करोड रुपैयाँ भन्दा बढी राज्यको रकममा दायाबाया गर्न खोजिएको स्वास्थ्य व्यवसायी संघको भनाइ छ । यही टेन्डरका रिएजेन्टले यसअघि पनि मेसिन खरिद गर्दा ५० करोड रुपैयाँ भ्रष्टाचार भएको भनेर अख्तियार दुरुपयोग अनुसन्धान केन्द्रले विशेष अदालतमा मुद्दा नै दायर गरेको अवस्थामा पुरानैलाई टेन्डर पार्ने गरी प्रयोगशाला दुरुपयोग भएको भन्दै अख्तियारमा अर्को उजुरी परेको हो ।


पुरानो मुद्दामा मधेश प्रदेश सरकारका स्वास्थ्य क्षेत्रका १५ जना कर्मचारी अहिलेसम्म निलम्बनमा रहेको अवस्थामा मधेश प्रदेशले कार्यविधि नै पास नगरी हतारमा तिनै पालिकाहरुमा थन्केका बिग्रेका मेसिनहरुका लागि रिएजेन्टको ठेक्का निकालेर एउटै मात्र कम्पनीका मेसिन खरिद गरेर फेरि पनि ७ करोड रुपैयाँ बराबरको भ्रष्टाचार गर्ने योजना बनेको भन्दै अख्तियारमा उजुरी परेको हो ।

राज्यको ठूलो रकम पुरानै र विवादित कम्पनीलाई दिने मक्सदले फेरि इबिडिङ गरिएको र छानबिन गर्न माग गर्दै अख्तियारमा उजुरी गरिएको संघका कार्यालय सचिव माधव पौडेलले बताए ।

# हुलास र अशोक स्टिलले तिर्न थाले विद्युत् बक्यौता

**काठमाडौँ ।**
डेडिकेटेड तथा ट्रङ्क लाइनबाट विद्युत् उपभोग गरेको बाराको सिमरामा सञ्चालित हुलास स्टिल इण्डष्ट्रिजले प्रिमियम महसुलको बक्यौता रकम नेपाल विद्युत् प्राधिकरणलाई तिर्न शुरु गरेको छ । उद्योगले २०७२ साल माघदेखि २०७५ वैशाखसम्ममा डेडिकेटेड तथा ट्रङ्कलाइन प्रयोगबापतको प्रिमियम महसुलको कूल १४ करोड १२ लाख रुपैयाँ बक्यौता रकमलाई प्रतिकिस्ता ५० लाख ४३ हजार रुपैयाँको एक मासिक किस्ता हुनेगरी २८ किस्तामा बुझाउने स्वीकृति प्राधिकरणबाट पाएको छ । उद्योगले शुक्रबार पहिलो किस्ता बुझाएको प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवालले जानकारी दिए ।
यसैगरी, १७ करोड ५८ लाख रुपैयाँ बक्यौता रहेको सिमराकै अर्को अशोक स्टिलले पनि पहिलो किस्ता बुझाएको छ । अशोकले २८ किस्ताको सुविधा लिइ ६३ लाख रुपैयाँ बुझाएको हो ।रासस

# त्रिवि क्रिकेट रङ्गशालाका गुरुयोजना स्वीकृत



**काठमाडौँ ।**
सरकारले कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदान आयोजनाको गुरुयोजना स्वीकृत गरी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रुपमा निर्धारण गर्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्को बिहीबारको बैठकले सहरी विकास मन्त्रालयको प्रस्तावमा क्रिकेट मैदानको गुरुयोजना स्वीकृत गर्दै आयोजनालाई राष्ट्रिय प्राथमिकता निर्धारण गरेको हो । गुरुयोजनाबमोजिम क्रिकेट मैदानका लागि करिब १० अर्ब रुपैयाँ लाग्ने अनुमान गरिएको छ ।
सहरी विकासमन्त्री कुलमान घिसिङले रङ्गशाला नेपालकै पहिलो अन्तरराष्ट्रिय क्रिकेट मैदान भएको र अन्तरराष्ट्रिय खेल तथा पर्यटन प्रवद्र्धनमासमेत यसको योगदान हुने उल्लेख गरे ।
घिसिङले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रुपमा जग्गासम्बन्धी सम्झौता, वातावरणीय प्रभाव मूल्याङ्कनलाई अन्तिम रुप दिने र गुरुयोजनाबमोजिम रङ्गशाला विस्तारका लागि दोस्रो चरणको निर्माणका लागि 'टेण्डर प्रक्रिया' अगाडि बढाउन मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त भएको बताए ।
केही दिनअघि रङ्गशालाको पहिलो चरणको निर्माणबारे स्थलगत निरीक्षणमा जानुभएका मन्त्री घिसिङले गुरुयोजनाबमोजिम भइरहेको निर्माण कार्यलाई राष्ट्रिय प्राथमिकतामा राखी बजेट अभाव हुन नदिनेगरी रङ्गशाला विस्तारको दोस्रो चरण अगाडि बढाइने बताएका थिए ।
हाल रङ्गशालाको पहिलो चरणका संरचना निर्माणाधीन छन् । आगामी मङ्सिर १ गतेदेखि शुरु हुने नेपाल प्रिमियर लिग (एनपिएल) भन्दाअगावै रङ्गशाला निर्माण सम्पन्न गर्नेगरी काम धमाधम भइरहेको छ ।रासस

# अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा पर्यटक बढ्दै



**गण्डकी ।**
पोखरास्थित अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा स्वदेशी एवम् विदेशी पर्यटकको सङ्ख्या बढ्दै गएको छ ।
दशैँको पूर्णिमापछि विस्तारै पर्यटकको आकर्षण बढ्दै गएको सङ्ग्रहालयका कार्यकारी निर्देशक निर्मला न्यौपानेले जानकारी दिए । बिहीबार मात्रै एक हजारभन्दा बढीले सङ्ग्रहालयको अवलोकन गरेको उनले बताए ।
पर्वतीय पर्यटनका विविध पक्ष अवलोकन गर्नका लागि सङ्ग्रहालय बनाइएको छ । हिमाली जीवनसँगै पर्वतीय पर्यटनका विविध पक्षलाई सङ्ग्रहालयमा नियाल्न पाइने भएकाले आकर्षक गन्तव्यका रूपमा विकास हुन थालेको छ ।
यहाँबाट हिमाली क्षेत्रमा बसोबास गर्ने जातजातिको रीतिरिवाज, वेषभूषा, कला, संस्कृतिका साथै भौगोलिक अवस्थालगायत विषयमा जानकारी लिन पाउँछन् । सङ्ग्रहालयमा विश्वका आठ हजार मिटरभन्दा बढी उचाइ भएका १४ वटा हिमाल, सात हजार पाँच सयदेखि सात हजार ९९९ मिटर उचाइसम्मका ४०, छ हजारदेखि छ हजार ९९९ मिटरसम्मका ६०३ सहित कूल एक हजार ९१३ वटा हिमचुचुरा र त्यस क्षेत्रमा बसोबास गर्ने बासिन्दाका वेषभूषा, संस्कृति, उपयोग गर्दै आएका विभिन्न सामग्री सङ्ग्रह गरी प्रदर्शनका लागि राखिएका छन् ।
सङ्ग्रहालयमा आउने पर्यटकमध्ये विद्यार्थीका लागि ८० रुपैयाँ, नेपाली नागरिकका लागि १५०, सार्क राष्ट्रका पर्यटकका लागि ३५० र अन्य विदेशी पर्यटकका लागि ७५० प्रवेश शुल्क निर्धारण गरिएको निर्देशक न्यौपानेले जानकारी दिए ।रासस

# संस्कृति जोगाउन गाउँपालिकाको अनुरोध

**काभ्रेपलाञ्चोक ।**
काभ्रेपलाञ्चोकको खानीखोला गाउँपालिकाले तिहारमा माटोले घर लिपपोत गरी परम्परागत संस्कृतिलाई जोगाउन स्थानीयलाई अनुरोध गरेको छ ।
गाउँसभाबाटै खानीखोलाका बासिन्दाले दिपावलीका अवसरमा एकरुपता आउने प्रकारका रङका माटोले लिपपोत गर्ने निर्णयसमेत भएको थियो । परम्परागत संस्कृतिलाई पुनर्जीवित गर्ने उद्देश्यले गत असारमा सम्पन्न गाउँसभाले उक्त निर्णय गरेको गाउँपालिका अध्यक्ष इन्द्रबहादुर थिङले बताए । उनिद्वारा जारी सार्वजनिक अपिलमा आधुनिकतासँगै गाउँघरमा माटोले घर लिप्ने चलन घट्दै गएकाले गाउँको मौलिकता, सौन्दर्य र सांस्कृतिक पहिचान कमजोर बनाएको जनाउँदै आउँदो तिहारदेखि कमेरो (सेतो माटो) र रातो माटोले घर लिपपोत गर्ने अनुरोध गरिएको हो ।
'दीपावलीमा घरआँगन माटोले लिप्ने चलन केबल धार्मिक वा सौन्दर्यका लागि मात्र नभई सामाजिक एकता र परम्पराको संरक्षणमा अति महत्वपूर्ण देखिन्छ,' थिङले भने । पुर्खाले सदियौँदेखि दीपावलीमा कमेरो र रातो माटोले घरआँगन लिप्ने परम्परा जोगाउँदै आएकाले यस वर्षदेखि हरेकका घरमा उक्त परम्परा जोगाउने अभियान नै थालिएको गाउँपालिकाले जनाएको छ । यसबाट नागरिकका घर शृङ्गारिकता देखिने तथा पर्यटन प्रवद्र्धन महत्वपूर्ण भूमिका खेल्ने जनाइएको हो ।
अभियानका लागि गाउँपालिकाको सबै नागरिक, टोल समिति तथा विद्यार्थीलाई सक्रिय सहभागिता जनाउन आग्रह गरिएको छ ।रासस

# झापामा 'श्रीलक्ष्मीनारायण दिव्यदेश' निर्माण

**झापा ।**
शिवसताक्षी नगरपालिका–१० माईधारस्थित श्रीलक्ष्मीनारायण मन्दिर तथा जगद्गुरु योगीराज श्रीकमलनयनाचार्य आश्रममा ११ करोड रुपैयाँको लगानीमा 'श्रीलक्ष्मीनारायण दिव्यदेश' (मन्दिर) निर्माण भएको छ ।
विभिन्न दाताहरुको सहयोगमा दक्षिण शैलीमा आश्रम परिसरमा मन्दिर निर्माण गरिएको आश्रमका अध्यक्ष स्वामी गोविन्दचार्यले जानकारी दिए ।
'भौतिक संरचना निर्माणमा नौ करोड खर्च भइसकेको छ,' उनले भने, 'अहिले रङरोगन र सजावटको काम भइरहेको छ, जसमा दुई करोड खर्च हुन्छ ।'



विसं २०२८ मा स्थापना भएको आश्रम जिल्ला प्रशासन कार्यालय झापामा विसं २०५१ मा दर्ता भएर सञ्चालन भइरहेको छ । नेपालका प्रथम जगद्गुरु योगीराज श्रीकमलनयनाचार्य स्वामीजी महाराजको अभिमत प्राप्त आश्रमले नेपाल, भारत, भुटान, अमेरिका, क्यानडा, अष्ट्रेलियालगायतका देशमा रहेका मठमन्दिरको अभिभावकत्व निर्वाह गर्दै आएको उनले जानकारी दिए ।
कूल १० बिघामा फैलिएको आश्रममा श्रीलक्ष्मीनारायण मन्दिर, श्रीबोगिराज स्वामीजीको कृष्टि मन्दिर, श्रीजनन्तादर्श संस्कृत वेद विद्यालय, श्रीलक्ष्मीनारायण मौञ्जाला, वैष्णवालय, छात्राबास, पुस्तकालय, बज्ञमण्डपलगायतका संरचना रहेको आश्रमका वरिष्ठ उपाध्यक्ष हरिप्रसाद तिम्सिनाले जानकारी दिए ।
'आश्रमले धार्मिक, सामाजिक र शैक्षिक क्षेत्रमा योगदान दिँदै आएको छ,' उनले भने, 'आश्रम पछिल्लो धार्मिक पर्यटनका महत्वपूर्ण स्थान बन्दै गएको छ ।' कोशी प्रदेशको धार्मिक पर्यटन प्रवद्र्धनमा आश्रमले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उनको भनाइ छ ।
मन्दिरमा प्रतिस्थापन गर्न एक दर्जनभन्दा बढी पत्थर मूर्ति र दुई दर्जनभन्दा बढी धातु मूर्ति ल्याइसकिएको मन्दिर निर्माण समिति सचिव हरिनारायण बाँस्कोटाले जानकारी दिए ।
मन्दिर निर्माणको सबै खर्च भक्तजनको दान–चन्दाबाट प्राप्त भएको उनले बताए । कोशी प्रदेश सरकार तथा सहरी विकास मन्त्रालयबाट भान्साघर निर्माणका लागि २५ लाख रुपैयाँ सहयोग प्राप्त भएको जनाइएको छ ।
आगामी वैशाखमा उद्घाटन
मन्दिरको प्रतिष्ठा समारोह आगामी २०८३ वैशाखमा हुनेछ । उद्घाटनका अवसरमा वैशाख ११ देखि १८ गतेसम्म भव्य धार्मिक अनुष्ठान हुने मन्दिरका उत्तराधिकारी स्वामी भागवत आचार्यले जानकारी दिए ।
समारोहमा नेपाल, भारत, भुटान, अमेरिका, अष्ट्रेलिया, क्यानडालगायत देशबाट एक हजार जनाभन्दा बढी विशिष्ट धर्माचार्य, शन्त, महन्त, विद्वान् एवं भक्तजनको सहभागिता रहने उनले बताए ।
उद्घाटन समारोहमा दक्षिण भारतको तामिलनाडु काञ्चीपुरम्स्थित श्रीकाञ्चीप्रतिवादी भयकर सिंहासनाधीश्वर जगद्गुरु अनन्तश्रीविभूषित श्रीनिवासाचार्य स्वामीजी महाराज प्रमुख आतिथ्य रहनेछ । समारोह सम्पन्न गर्न करिब तीन करोड रुपैयाँ खर्च हुने आश्रमले जनाएको छ ।रासस

# 'जेरी अन टप' प्रदर्शनमा

**काठमाडौँ ।**
विश्वकै सर्वोच्च शिखर सगरमाथा नेपालमा छ । यसको कथालाई लिएर हलिउडमा चलचित्र र वृत्तचित्र बनिसकेका छन् । यद्यपि नेपालमै रहेको सगरमाथासँग जोडिएर कथा तयार गरेर नेपाली चलचित्र बल्ल तयार भएको छ । सगरमाथा आरोहण र त्यसक्रमको प्रेमकथामा आधारित रहेर तयार गरिएको नेपाली चलचित्र 'जेरी अन टप' ले सगरमाथालाई मुख्य विषय बनाएको छ ।



चलचित्रले नेपालको पर्यटकीयस्थलको प्रवद्र्धन गर्नुका साथै सुन्दरतालाई विश्वभर पु¥याउन थप मदत गर्ने अभिनेता अनमोल केसीले बताए । आजदेखि प्रदर्शनमा आएको उक्त चलचित्रको दर्शक प्रतिक्रिया बुझ्न चलचित्र भवन पुग्नुभएका अभिनेता केसीले चलचित्र निर्माणको मुख्य चुनौती नै सगरमाथाको विषय रहेको बताए ।
उनले भने, 'हामीले चलचित्रको कथा तयार गर्दा नै नेपाली स्रोत र साधनले सगरमाथालाई कसरी चित्रण गर्न सकिन्छ भनेर धेरै छलफल गरेका थियौँ । किनकि प्राविधिक रुपमा हामीले त्यहाँ छायाङ्कन गर्न सहज छैन, फेरी हामीले नेपाली बजारलाई मध्यनजर गर्दै चलचित्रमा लगानी लगाउनुपर्छ । तर, हामी सबैको मेहनतले आज हामीले चलचित्र तयार गर्न सफल भएका छौँ ।'
चलचित्रमा अभिनेता केसीले सगरमाथा चढ्ने युवाको भूमिका निर्वाह गरेका छन । चलचित्रमा देखिँदा स्वाभाविक लागोस भनेर उनले र चलचित्रमा सगरमाथा चढ्न सघाउने 'गाइड' बन्नुभएकी अभिनेत्री जसिता गुरुङले एक महिना प्रशिक्षण पनि लिएका थिए ।
'हामीले दृश्यमा सगरमाथाको सुन्दरतासँगै त्यहाँ देखिने कलाकार र अन्य पक्ष स्वभाविक लागोस् भनेर शेर्पा दाइहरूकै निगरानीमा काम गरेका थियौँ । हामीले सक्दो लगानी र मेहनतले चलचित्र तयार गरेका छौँ । यसले एउटा पारिवारिक प्रेम कथासँगै हाम्रै देशमा रहेको सगरमाथाको विशेषतालाई चलचित्रमा ल्याएको छ,' अभिनेता केसीले भने ।
आजदेखि प्रदर्शनमा आएको चलचित्र 'जेरी अन टप' पश्चात् अन्य निर्मातालाई पनि हिमाली कथामा चलचित्र बनौँ प्रेरणा मिल्ने अभिनेता केसीको बुझाइ छ । अभिनेत्री गुरुङले पनि पात्रलाई स्वभाविक देखाउन सक्दो मेहनत गरेको बताए ।
'हिमालसँग नजिक रहेको युवतीको भूमिका भएकाले पनि मैले त्यहीअनुरुप तयारी गरे । हाम्रो देश नेपालको हिमाली भेगको सुन्दरतालाई चलचित्रभर दर्शकले देख्न पाउनु हुनेछ । सार्वजनिक प्रचारप्रसारमा देखिएका श्रव्यदृश्यभन्दा चलचित्र झनै भव्य छ,' अभिनेत्री गुरुङले भने ।
चलचित्रकी अर्की अभिनेत्री आँचल शर्माले झन्डै ११ वर्ष अगाडि प्रदर्शन भएको 'जेरी'ले युवापुस्तालाई चलचित्र भवनसम्म आकर्षित गरेकोले सोही नामसँग मिल्दो चलचित्र 'जेरी अन टप'ले पनि नयाँ पुस्तालाई आकर्षित गर्ने बताए ।
'जेरी प्रदर्शन हुँदा म चलचित्रमा आएको थिइन । त्यो बेला चलचित्र भवनमै पुग्नुपर्छ भनेर हामी युवापुस्तामाझ चर्चा हुन्थ्यो । अहिले सोही नाम र सोही अभिनेतासँग चलचित्रमा काम गर्न पाउँदा खुसी लागेको छ । यस चलचित्रले पनि नयाँ पुस्तालाई चलचित्र भवनसम्म ल्याउनेमा विश्वस्त छु,' अभिनेत्री शर्माले भने ।
उक्त चलचित्रका प्रस्तुतकर्ता सरोज न्यौपानेले युवापुस्ताको कथामा नेपालको सौन्दर्य देखिने एउटा स्तरीय चलचित्र बनाउने कोसिस गरेको बताए । उनले भने, 'हामीले नेपालको सौन्दर्यलाई चलचित्रमा प्रस्तुत गरेका छौँ, चलचित्रको मुख्य पात्रले सगरमाथा आरोहण गर्ने क्रममा निम्तिने घटनाक्रम देखाइएकाले यसले पर्यटनमा टेवा पु¥याउने अपेक्षा लिएको छु, नेपाली चलचित्र भनेर गौरव गर्न मिल्ने गरी हामी सबैले मिहिनेत गरेका छौँ ।'
उक्त चलचित्रमा अभिनेता केसीसँगै भुवन केसी, आँचल शर्मा, जसिता गुरुङ, केदार घिमिरे 'माग्नेबुढा', उषा खड्गीलगायत कलाकारले अभिनय गरेका छन । 'अनन्या फिल्म्स प्रोडक्सन'बाट निर्मित 'जेरी अन टप'को सुयोग गुरूङले निर्देशन गरेका छन । यस चलचित्रमा हेमराज विसीले कथा लेखन, विश्वास तिम्सिनाले पटकथा लेखन र दुलिप रेग्मीले छायाङ्कन गरेका छन ।रासस

# १०६ रोपनीमा 'बृहत् बैरेनी जग्गा एकीकरण'

**तनहुँ ।**
व्यास नगरपालिकाले वडा नं १० स्थित बैरेनीमा बृहत् 'बैरेनी जग्गा एकीकरण आयोजना' सञ्चालन गरेको छ ।
दमौली बजार क्षेत्रमा अव्यवस्थित बसोबास बढ्दै गएपछि व्यवस्थित बस्ती विकास गर्ने योेजनाअनुरुप आयोजना सञ्चालन गर्न लागिएको हो । नेपाल सरकारबाट अध्ययन अवलोकनका लागि प्रक्रिया अघि बढाइसकेको आयोजना प्रमुख इञ्जिनियर रवीन्द्र मुलले बताए ।
उनले भने, 'बाटो र पूर्वाधार भएकाहरुको हकमा ६ प्रतिशत र नभएकाहरुको हकमा ३० प्रतिशत कट्टा गरी जग्गाधनीलाई जग्गा फिर्ता गरिने छ, जग्गा घटे पनि जग्गाधनीले तीनगुणा बढी मुनाफा पाउने छन् ।'
नगरपालिकाले सोही वडास्थित बैरेनीमा २६२ रोपनी क्षेत्रफलमा एकीकृत बस्ती विस्तारका काम भइरहेको जनाएको छ । उक्त आयोजनाको निर्माण तीव्र गतिमा भइरहेको अवस्थामा पुनःअर्को 'बृहत् बैरेनी जग्गा एकीकरण' आयोजनाको परिकल्पना गरिएको नगरपालिकाले जनाएको छ । विसं २०८२ महिनाभित्र जग्गाधनीलाई स्थायी जग्गाधनी विकसित घडेरीको पुर्जा वितरण गर्ने लक्ष्यका साथ निर्माण अघि बढाइएको इञ्जिनियर मुलले बताए ।
विसं २०७९ मङ्सिर १४ गते सम्झौता गरी २०८५ सालसम्म ऋण सम्झौता रहेकामा तीन वर्षअगावै सम्पन्न गर्ने लक्ष्य राखिएको छ । उनले भने,'जमिनमुनिको कठिनाइ कार्य सकियो, अबको छ महिनाभित्र घडेरी छुट्याउने कार्य सम्पन्न गरिनेछ ।'
उनका अनुसार अब नाला निर्माण, कालोपत्र, विद्युत् खम्बा, खानेपानी जडान, पार्क, खेल मैदान र दुई वटा विद्युत् ट्रान्समिटर जडान गर्नुपर्ने छ, ट्रान्समिटर जडानका लागि विद्युत प्राधिकरणसँग समन्वय गरिएको छ ।
कूल १३ करोड रुपैयाँ मध्ये कोषले नौ करोड १० लाख ५० हजार ४०० रुपैयाँ र नगरपालिका तथा गण्डकी प्रदेशको चार करोड रुपैयाँ लगानी रहेको छ ।
नगर विकास कोषसँग लिएको ऋण भुक्तानी गर्नुपर्ने अवधि छ वर्षको रहेको छ भने वार्षिक ब्याजदर आठ प्रतिशतमा ऋण लगानी गरेको छ । बस्तीले साँघुरिँदै गएको दमौलीमा एकीकृत बस्ती बसाउन दीर्घकालीन सोचका साथ नगरपालिका अघि बढेको व्यासका नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताए ।
'दमौली बजार र भादगाउँ क्षेत्र बस्ती विस्तारले साँघुरिएको छ,' उनले भने, 'भावी पुस्ताका लागि बस्ती बसाउन नगरपालिकाले नगर विकास कोषसँग हातेमालो गर्दै अघि बढेका छौँ जसले बस्ती विस्तारमा सहज हुने विश्वास गरिएको छ ।'

## सम्पादकीय

# एमाले बैठक सकियो, एमालेको आलोचना सकिएन

केन्द्रीय सदस्यहरुको बोल्ने पालो आयो यसपालि एमाले बैठकमा। केन्द्रीय समिति बैठकमा सबैले मनका कुरा गरे। संसद् पुनस्थापना लागि जनमत तयार गर्ने र ११ औँ महाधिवेशन पोखरामा गर्ने निर्णय गर्दै नेकपा एमालेको केन्द्रीय कमिटीको दशौँ पूर्ण बैठक शुक्रबार सकिएको छ। बैठकमा अध्यक्ष केपी शर्मा ओलीले पेस गरेको विशेष प्रस्ताव सुझावसहित सर्वसम्मतिले पारित भएको छ। बैठकले पार्टीको ११ औँ महाधिवेशन मंसिर २७–२९ गते पोखरामा गर्ने निर्णय गरेको छ। बैठकमा केन्द्रीय कमिटी, पोलिटब्युरो सदस्य, स्थायी कमिटी सदस्य, केन्द्रीय सचिवालय सम्बद्ध केन्द्रीय पदाधिकारीले आफ्नो सुझाव सहितको मन्तव्य राखेका थिए।

तीन दिनको बैठकमा केन्द्रीय कमिटीका २ सय ३३ जना, प्रदेश कमिटीका अध्यक्ष ८ जना, पोलिटब्युरोका ४६ जना, स्थायी कमिटीका २१ जना, केन्द्रीय निकायका ३ जना र पदाधिकारी १७ जनाले सदस्यले सुझावसहितको मन्तव्य राखेका थिए। बैठकमा चार वटै आयोगका अध्यक्षहरू क्रमशः अनुशासन आयोगका अध्यक्ष केशव बडाल, सल्लाहकार परिषद्का अध्यक्ष अमृतकुमार बोहरा, लेखा परीक्षण आयोगका अध्यक्ष डा पुष्प कँडेलले आफ्नो मन्तव्यसहित सुझाव राखेका थिए। पार्टी बैठक समापन गर्दै अध्यक्ष केपी शर्मा ओलीले पार्टी एकतामा जोड दिँदै सङ्कटको समाधान गर्न, लोकतन्त्रको रक्षा गर्न, संविधानलाई लिकमा लान पनि प्रतिनिधिसभाको पुनस्थापना आजको हाम्रो मुख्य माग हुनुपर्ने धारणा राखेका थिए।

उनले निर्वाचन देखाउने दाँत मात्र भएको भन्दै सरकार व्यवहारतः निर्वाचनको पक्षमा नभएको दाबी गरेका थिए। बैठकले २२ बुँदे समसामयिक प्रस्तावहरू पारित गरेको छ।

यता, एमालेको बैठक सकिएर २२ बुँदे निर्णय सार्वजनिक हुँदा अझै एमाले सुध्रिएन भनेर आलोचना गर्नेहरुको मुख चिलाउन छाडेको छैन। जब एमालेकै कारण सत्ता गयो र एमालेको राजनीतिक सकियो भन्नेहरुलाई त यो अवसर हुनु पर्ने हो। उनीहरु नै भनिरहेका छन्, 'एमाले अझै सुध्रिएन।' एमाले नसुध्रिँदा नै अरुको राजनीतिक भविष्य सफल हुनु पर्ने हो तर समाज अन्यौलमा रमाइरहेको छ।

# देशभर ५५ प्रतिशत कृषक परिवार खाद्य जोखिममा

**कृष्णराज गौतम**

नेपालमा किसान परिवारको संख्या करिब ४१ लाख ३० हजार रहेकोमध्ये वर्षैभरि खान नपुग्ने कृषक परिवारको संख्या करिब ५५ प्रतिशत रहेको पाइएको छ। कृषि क्षेत्रले नेपालको अर्थतन्त्रमा करिब २५ प्रतिशत योगदान गरेको भए पनि यस क्षेत्रमा भूमि तथा श्रमिकको उत्पादकत्व असाध्यै न्यून छ। करिब १० वर्षभन्दा माथिको ५७.३ प्रतिशत जनसंख्या कृषि पेसामा नै संलग्न रहेको पाइएको हो। कृषि गणना २०६८ को तुलनामा कृषि गणना २०७८ मा खेतीयोग्य जमिनको क्षेत्रफलमा करिब एक लाख ४५ हजार हेक्टरले कमी आई १४ लाख २९ हजार हेक्टर कायम हुन आएको छ। कृषियोग्य जमिन बाँझो रहने क्रम पनि पछिल्लो क्रममा बढ्दै गएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव गोविन्द शर्माले बताए।

रासायनिक मललगायत कृषि उत्पादन सामग्रीहरूको उपलब्धतामा भएको कमी र अपेक्षाकृत कृषिको व्यवसायीकरण र आधुनिकीकरण हुन नसक्दा कृषि उत्पादन तथा उत्पादकत्वमा अपेक्षाकृत वृद्धि हुन नसक्दा कृषिजन्य उत्पादनको आयात बढ्दो छ भने उत्पादित कृषि वस्तुहरूमा स्वच्छताको मात्रामा घटदै गएको छ। कृषि भूमिको संरक्षण एवम् उपलब्ध भूमिस्रोतको समूचित उपयोग गरी कृषि क्षेत्रलाई व्यवसायीकरण र आधुनिकीकरण गर्दै भूमिको उत्पादन र उत्पादकत्व अभिवृद्धी मार्फत नागरिकहरूमा खाद्य सुरक्षाको अनुभूत गराउन प्रमुख चुनौती छ। विश्व भोकमरी सूचकाङ्कमा नेपाल यसवर्ष ७२ औं स्थानमा रहेको छ। गत वर्ष नेपाल ६८औं स्थानमा रहेको कृषि विभागले जनाएको छ।

नेपालको संविधानको धारा ३६ मा खाद्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ। साथै संविधानको धारा ५१ मा कृषि र भूमिसुधार सम्बन्धी नीति र नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिहरू उल्लेख गरिएका छन्। खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको संरक्षण गर्न खाद्य ऐन २०२३, उपभोक्ता संरक्षण ऐन २०७५ र खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐन २०७५ कार्यान्वयनमा ल्याइएको छ भने खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी नियमावली पनि मस्यौदा भइ छलफलको क्रममा रहेको सचिव शर्माले जानकारी दिए। सन् २०३५ सम्ममा नेपाललाई खाद्यान्नमा आत्मनिर्भर बनाउने लक्ष्यसहित कृषि विकास रणनीति २०७२ कार्यान्वयनमा ल्याइएको छ। करिब सात वर्ष अगाडि सरकारले नेपालमा खाद्य सम्प्रभूताको विषयलाई प्राथमिकतामा राखेर खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐन ल्याएको छ। त्यसमा किसानले कृषियोग्य भूमि, बीउ बिजन र प्रविधि आवश्यकता अनुसार छनोट गर्न पाउने, खाद्यसम्बन्धी नीति निर्माण प्रक्रियामा किसानलाई सहभागिता जनाउने, खाद्य उत्पादनका प्रणालीसँग सम्बन्धित व्यवसाय रोज्न पाउने जस्ता विषय समावेश गरिएको छ। खाद्य सम्प्रभूताले कृषि प्रणालीको निर्णायक भूमिकामा उत्पादनकर्ता किसानहरूको अधिकारलाई स्थापित गर्न खोजिएको छ।

दिगो विकास लक्ष्य अन्तर्गत शून्य भोकमरीको नीति नेपालले अनुसरण गरेको छ। साथै विश्व खाद्य कार्यक्रम, सार्क खाद्यान्न बैंक, खाद्य तथा पोषण सुधार आयोजना, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम लगायतका कार्यक्रम तथा आयोजनाहरू कार्यान्वयनमा ल्याइएको विभागका महानिर्देशक प्रकाश सञ्जेलले जानकारी दिए। खाद्य तथा पोषण सुरक्षा योजनाका लागि राष्ट्रिय योजना आयोग, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, राष्ट्रिय खाद्य परिषद, प्रदेश खाद्य परिषद, स्थानीय खाद्य समन्वय समिति र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडजस्ता संस्थागत व्यवस्थाहरू रहेका छन् भने तीनै तहका सरकारको समन्वयमा खाद्य तथा पोषण सुरक्षा प्रवद्र्वनका कार्यक्रमहरू सञ्चालन गरिँदै आएका छन्।

विश्वव्यापी सहकार्यमा कुपोषण र भोकमरी जस्ता चुनौतीलाई सामना गर्न संयुक्त पहल र ऐक्यवद्धताका लागि विश्वव्यापी रुपमा हरेक वर्षको अक्टोबर १६ मा विश्व खाद्य दिवस मनाउने गरिन्छ। नेपालमा पनि २०३८ सालदेखि हरेक वर्ष विश्व खाद्य दिवस मनाउने गरिएको छ। सरकारले यसवर्ष 'स्वच्छ खाना र सुखद भविश्यका लागि हातेमालो' भन्ने नारासहित ४५ औं विश्व खाद्य दिवस सम्पन्न गरेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालय, खाद्य तथा कृषि संगठन र कृषि विभागको समन्वयमा विभिन्न कार्यक्रमको आयोजना गरेको हो।

कृषि विभाग, खाद्य तथा कृषि संगठनलगायतको समन्वय र सहकार्यमा ४५ औँ विश्व खाद्य दिवस सम्पन्न गरिएको छ। स्वच्छ खानाको उपलब्धता र समृद्ध भविश्य निर्माणमा संघ, प्रदेश र स्थानीय तहका कृषि क्षेत्रसंग सम्बद्ध सवै सरकारी एवम् गैरसरकारी संघसंस्था समेतको समन्वयमा खाद्य तथा पोषण सुरक्षाका सन्दर्भमा जोड दिइएको छ। नेपालमा खाद्य सुरक्षाको स्थिति सुदृढ बनाउन संयुक्त राष्ट्र संघीय निकाहरू, अन्तर्राष्ट्रिय संघ, संस्था एवम् विकास साझेदारहरू, क्षेत्रीय संघ, संगठन र स्वदेशी संघसंस्था, कर्मशील किसान तथा कृषि उद्यमी व्यवसायीलगायतको संयुक्त योगदानको अपेक्षा गरिएको छ। शान्तिपूर्ण, दिगो, समृद्ध र खाद्य सुरक्षित भविश्यका लागि विश्वव्यापी सहकार्य गर्ने अभिप्रायले सन् १९७० को दशकमा विश्व परिवेशमा खाद्य सुरक्षाको अवधारणा विकसित भएको पाइन्छ।अव्यवस्थित शहरीकरण, अनियन्त्रित बसाईसराई, अव्यवस्थित पूर्वाधार विकासलगायतका कारणले गर्दा कृषि भूमि क्रमशः घट्दै गैरहेको अवस्था छ। औद्योगिक उत्पादनको अनुपातमा कृषि उत्पादनमा दुःख र मुनाफा कम छ। बढ्दो शहरीकरणले कृषि भूमि घटदै जानु, वैदेशिक रोजगारी, परम्परागत खेती प्रणालीका कारण कृषि क्षेत्रमा नकरात्मक प्रभाव परेको छ। जलवायु परिवर्तनका कारण वातावरणीय क्षयीकरण अनि जनसंख्याको आकारमा वृद्धि, घटदो उत्पादनले खाद्य सुरक्षामा चुनौती थपिएको कृषि विभागका महानिर्देशक सञ्जेलले जानकारी दिए। विभिन्न समयमा देखिने प्रकोप तथा महामारीले खाद्य अभावको समस्या सिर्जना हुन थालेको छ। विश्व परिवेशमा खाद्य सुरक्षा र खाद्य सम्प्रभूता विषय ठूलो समस्या बनेको छ। कृषि प्रणालीमा श्रमजीवी कृषकहरूको अधिकार स्थापित हुन सकेको छैन। खाद्य सम्प्रभूता अवधारणा सन् १९९६ डिएफ लाभिया कम्पेन्सिया आन्दोलनले भोकमरी बिनाको भविष्य भन्ने नारा तय गरी विश्व खाद्य सम्मेलन गरेको थियो। त्यसले विश्वव्यापी किसानहरूको उक्त कार्यक्रमले पहिलोपटक खाद्य सुरक्षाको कुरा ल्याएको हो। यस अवधारणाअन्तर्गत कृषि प्रणालीमा स–साना किसानहरूको आर्थिक तथा राजनीतिक संरक्षणका लागि विकसित भएको हो। पर्यावरणीय दिगोपनालाई दसष्टिगत गर्दै खाद्यवस्तुको उत्पादन र मूल्य निर्धारणमा उत्पादनकर्ता किसानको भूमिका महत्वपूर्ण हुने मान्यता राख्दछ। यस अवधारणमा विचौलियाले किसानको श्रमको शोषण हुँदैन।

कृषि क्षेत्रलाई नविनतम सिप, प्रविधी प्रयोगबाट आधुनिकीकरण गर्ने, मल, बीउ, सिँचाइ र जैविक विविधताको प्रयोगमा किसानको पहुँच विस्तार, जनतालाई पर्याप्त, स्वच्छ र उपयुक्त खाद्यान्नको व्यवस्थापन तथा किसानको पहिचानसहितको सम्मान र उनीहरूको योगदानको मूल्याङ्कन, जनताको मागअनुसारको खाद्य आवश्यकता पुरा भएपछि मात्र बिक्री गर्ने, कृषकहरूलाई सक्षम बनाइनेलगायत विषय खाद्य सम्प्रभुताका नीतिगत सिद्धान्त हो। खाद्य सुरक्षाअन्तर्गत आर्थिक, सामाजिक रुपमा मानिसले जुनसुकै क्षेत्रमा क्रियाशील रहे पनि पोषणयुक्त खाद्यको आवश्यकता पर्दछ। खाद्य वस्तु माथिको सुनिश्चित हुनु नै खाद्य सुरक्षा हो। खाद्य अभावमा हुने भोकमारीको सिकार हुनु हुँदैन र उपलब्ध भएका खाद्यवस्तु स्वास्थ्यकर, पोषिलो तथा गुणस्तरीय हुनुपर्छ। खाद्य सुरक्षाको अवधारणा सन १९७० को दशकमा आएको हो। खाद्य सुरक्षाले स्वदेश तथा विदेशबाट जसरी पनि आपूर्ति व्यवस्थापन गरी जनतालाई खाद्य सामग्री पहुँचमा पु¥याउनुपर्छ, खाद्य वस्तुको उपलब्धता, पहुँच र उपयोगमा सन्तुलन कायम गर्नुपर्दछ भन्ने प्रत्याभूति खोजेको हुन्छ।नेपाल कृषि प्रधान देश भएकाले कृषि नै यहाँको जीवन निर्वाहको मूल आधार हो। नेपालको कुल गार्हस्थ्य उत्पादनको २७ प्रतिशत हिस्सा कृषि क्षेत्रको योगदान छ। आर्थिक सर्वेक्षणअनुसार कृषि क्षेत्रको वार्षिक वृद्धिदर औसत ३.२ प्रतिशत रहेको छ। धान, मकै, गहुँ, कोदो, फापर, तोरी, दाल यहाँको प्रमुख खाद्यबालीका रुपमा लिइएको छ। विगतमा कृषि वस्तुहरू निर्यात भई वैदेशिक मुद्रा आर्जन गरेकामा पछिल्लो चरणमा आयात हुने अवस्थामा छ। हिमाली र पहाडी भागमा खाद्यान्न उत्पादनले वर्षभर खान नपुग्ने अवस्था छ भने खाद्यान्न उत्पादनको हिसवाले सबैभन्दा असुरक्षित कर्णाली प्रदेश देखिन्छ। समयमा वर्षा हुन नसकेका कारण मधेश प्रदेशमा पनि रोपाइँ पूरा हुन नसकेको कृषि तथा पशुपंछी विकास मन्त्रालयले जनाएको छ।

कृषि विभाग र खाद्यका लागि कृषि अभियानले १८ औँ अन्तर्राष्ट्रिय ग्रामीण महिला दिवसका अवसरमा आयोजित भविष्यमुखी कृषिको मार्गचित्र समेत प्रस्तुत गरिएको छ। त्यसमा सरकारले जलवायु परिवर्तनका असरले वातावरण तथा कृषि क्षेत्रमा देखिएका समस्याको विकल्पका रुपमा उक्त प्रणाली कार्यान्वयनका लागि तयारी गरेको जनाएको छ। अतिवृष्टी, अनावृष्टि, सुख्खा, खडेरी, डुबान तथा पहिरोका कारण पुराना बालीनाली पहिलेको जति उत्पादन दिन नसकेकाले कृषिमा अनुकूलता ल्याउन जलवायुमैत्री कृषि प्राणालीलाई अंगाल्नुपर्नेमा जोड दिइएको छ। देश तथा किसानको हितको लागि अबको मार्ग भनेको जलवायु परिवर्तन न्यूनीकरण गर्नु, जलवायु परिवर्तनको असरबाट कृषिलाई बचाउनु, बढ्दो जनसंख्यालाई दृष्टिगत गर्दै कृषि उत्पादनमा वृद्धि गर्नुपर्ने मन्त्रालयका सहसचिव एवम् योजना महाशाखा प्रमुख रामकृष्ण श्रेष्ठले बताए। सन् २०३० सम्ममा करिब ६७ करोड मानिसहरू दीर्घकालीन रुपमा कुपोषित हुने अनुमान गरिएको जानकारी दिँदै उहाँले यसले भोकमरी उन्मुलनको दिगो विकास लक्ष्य हासिल गर्ने ठूलो चुनौती रहेको अवस्थालाई संकेत गरेको बताए।

खाद्य सुरक्षा प्रणाली रुपान्तरण आवश्यक रहेको बताउँदै खाद्य बालीको उत्पादनमा सुधार गर्न वैज्ञानिक विधिको प्रयोग, जलवायु अनुकूल प्रजातिको प्रवद्र्धन गर्नुपर्ने आवश्यकता छ। पर्यावरणीयमैत्री कृषि मार्ग अहिलेको उपयुक्त विकल्प रहेकाले पुराना वातावरणमैत्री कृषि क्रियाकलापहरूदेखि पछिल्लो विकसित कृषि प्रविधिलाई जोडेर कृषि प्रणालीको विकल्प खोजी गर्न जरुरी छ। खाद्यका लागि कृषि अभियानका संयोजक उद्वव अधिकारीले जलवायु परिवर्तनका असरहरूबाट कृषि क्षेत्रलाई संरक्षण गर्नुपर्ने बताउदै खाद्य सुरक्षा र कृषिको सम्बन्धमा जलवायुमैत्री कृषि प्रणालीले कृषि उत्पादनलाई दिगो रुपमा अगाडि बढाउनुपर्ने बताए। रासस

# नेपाल मण्डलसँग जोडिएको सिम्रौनगढको इतिहास



**'सम्पदा संरक्षणको काम केबल सरकारको एकल जिम्मेवारी होइन, यो साझा दायित्व हो। सिम्रौनगढको सम्पदा नेपाली पहिचानको गौरव हो र यसको संरक्षणमा हामी प्रतिबद्ध छौँ।'**

पैरवी बुक हाउसको आयोजनामा अध्येता रोशनकुमार झाद्वारा लिखित 'नेपाल मण्डलसँग जोडिएको सिम्रौनगढको इतिहास' कृति विमोचन गरिएको छ। नेपालको ऐतिहासिक शहर सिम्रौनगढ र त्यसको नेपाल मण्डलसँगको सम्बन्धमाथि केन्द्रित रहेर कृति लेखिएको हो।

कार्यक्रमका प्रमुख अतिथि नेपाल प्रज्ञा–प्रतिष्ठानका कुलपति भूपाल राईले इतिहासको गहिरो अध्ययन र पुनःपाठको आवश्यकता औँल्याउँदै सिम्रौनगढ र नेपाल मण्डलबीचको ऐतिहासिक सम्बन्धबारे अझ अनुसन्धान गर्नुपर्ने बताए। उनले भने, 'सरकार फेरिए पनि इतिहास मेटिँदैन र फेरिँदैन। सिम्रौनगढको इतिहासको गहिराइ बुझ्न थप खोज र अनुसन्धान अपरिहार्य छ। किरात सभ्यता र नेपाल मण्डलबीचको अन्तक्र्रिया अझ खोतलिनुपर्ने विषय हो।' राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले राष्ट्रको इतिहास चिनाउने मेरुदण्डका रूपमा पुस्तक रहेको उल्लेख गर्दै इतिहास लेखनको परिप्रेक्ष्य अझ समावेशी, तथ्यपूर्ण र आलोचनात्मक हुनुपर्नेमा जोड दिए। उनले भने, 'हामी इतिहास लेख्छौँ तर सिम्रौनगढजस्ता ऐतिहासिक क्षेत्र अझै पनि नेपाली इतिहासको मूलधारमा पूर्ण रूपमा समाहित भएका छैनन्। इतिहास राम्रोसँग लेख्नसके मात्र हामी नेपाललाई इतिहासमा सही ढङ्गले चिनाउन सक्छौँ।'

कार्यकारी अध्यक्ष झाले नेपाल मण्डलले अझै पनि सिम्रौनगढलाई ऐतिहासिक र सांस्कृतिक दृष्टिकोणले स्वीकार गर्न नसकेको गुनासो गरे। उनले भने, 'नेपाललाई राम्रो ढङ्गले चिनाउने हो भने इतिहास राम्रोसँग लेख्नु जरुरी छ। नेपाल मण्डलले जसरी सिम्रौनगढलाई जसरी स्वीकार गर्नुपर्ने हो त्यो गर्न सकेको छैन। हाम्रो इतिहास पुनर्लेखन गर्न आवश्यक छ।'

कार्यक्रममा पुरातत्त्व विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्गले सिम्रौनगढ क्षेत्रको पुरातात्त्विक महत्त्वमाथि प्रकाश पार्नुहुँदै विभाग सिम्रौनगढका सम्पदाको संरक्षणमा सक्रिय रहेको जानकारी दिए। उनले भने, 'सम्पदा संरक्षणको काम केबल सरकारको एकल जिम्मेवारी होइन, यो साझा दायित्व हो। सिम्रौनगढको सम्पदा नेपाली पहिचानको गौरव हो र यसको संरक्षणमा हामी प्रतिबद्ध छौँ।'

कार्यक्रममा लेखक रोशनकुमार झाले पुस्तक लेखनको प्रेरणा, उद्देश्य र अनुसन्धान प्रक्रियाबारे जानकारी गराउँदै सिम्रौनगढ क्षेत्रको ऐतिहासिक महत्व अझै पनि गहिरो रूपमा नबुझिएको उल्लेख गरे। उनले आफ्नो कृति नेपाल मण्डल र सिम्रौनगढबीचको

ऐतिहासिक सम्बन्धका नयाँ पाटा उजागर गर्ने प्रयास भएको बताए।

नेपाल बार एशोसियसनका अध्यक्ष प्रा डा विजयप्रसाद मिश्र, वरिष्ठ पत्रकार सुधीर शर्मा, संस्कृतिविद् जगमान गुरुङ, इतिहासविद् प्रा डा पुरुषोत्मलोचन श्रेष्ठ, पूर्वन्यायाधीश शेषराज शिवाकोटी, प्रभाकरलाल झा, देवेन्द्रनाथ तिवारी, दिनेशराज पन्त, नागरिक अगुवा कनकमणि दीक्षितलगायतले नेपालको ऐतिहासिक शहर सिम्रौनगढ र त्यसको नेपाल मण्डलसँगको सम्बन्धजस्ता ऐतिहासिक क्षेत्रलाई राष्ट्रिय पाठ्यक्रममा समावेश गर्नुपर्ने र यस्ता अनुसन्धानात्मक कृतिहरूलाई प्रोत्साहन गर्नुपर्ने धारणा राखेका थिए।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# प्रहरीलाई समयानुकूल परिस्कृत गरिनुपर्छः गृहमन्त्री



**काठमाडौँ ।**
गृहमन्त्री ओमप्रकाश अर्यालले नेपाल प्रहरीलाई समयानुकूल परिस्कृत गर्दै लैजानुपर्ने बताएका छन् । शुक्रबार आयोजित ७०औँ प्रहरी दिवस एवम् अमर प्रहरीप्रति श्रद्धाञ्जली कार्यक्रममा उनले प्रविधिको बढ्दो प्रभावसँगै अपराध अनुसन्धानमा समेत चुनौती थपिँदै गएकाले प्रहरीलाई समयानुकूल परिस्कृत गर्दै लैजानुपर्ने बताएका हुन् ।

गृहमन्त्री अर्यालले नेपाल प्रहरीलाई पर्याप्त स्रोतसाधन उपलब्ध गराई मुलुकभित्रको आन्तरिक सुरक्षालाई थप मजबुद बनाउन गृह मन्त्रालयको प्रमुख दायित्व रहेकाले सोहीअनुसार काम गरिरहेको उल्लेख गरे । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि स्रोतसाधनको अभाव हुन नदिन सरकार सजग रहेको उनको भनाइ थियो ।

गृहमन्त्री अर्यालले नेपाल प्रहरी कानून कार्यान्वयनमा अग्रपङ्क्तिमा रहने र सरकारप्रतिको धारणा तथा प्रतिक्रिया अभिव्यक्त गर्दा निशानामा पर्ने भन्दै गत भदौ २३ र २४ गतेको विरोध प्रदर्शन यसैको प्रतिबिम्ब भएको धारणा राखे । 'जेन्जी' प्रदर्शनका क्रममा प्रहरीका साङ्गठनिक, व्यक्तिगत सामान लुटपाट तथा आगजनी भएकाले स्रोतसाधनको अभाव भई यसको प्रत्यक्ष असर आमनागरिकमा समेत पर्दै गएको उनको भनाइ थियो ।

'न्यून साधनस्रोतबाट कार्यसम्पादन गर्दै आइरहेको नेपाल प्रहरीलाई उक्त आन्दोलनले निकै ठूलो क्षति पुर्‍याएको छ । त्यसबाट सम्हालिँदै अगाडि बढ्नुपर्छ, उच्च मनोबलका साथ प्रभावकारी कार्यसम्पादन गर्दै निष्पक्ष अनुसन्धानले पीडितलाई न्याय दिन प्रहरी लाग्नुपर्ने आवश्यकता छ,' अर्यालको भनाइ थियो ।

गृहमन्त्री अर्यालले पछिल्ला समय देखिएका धार्मिक र साम्प्रदायिक केही घटनाका कारण सुरक्षा चुनौती थपिएको बताए । 'पछिल्ला समय केही जिल्लामा देखिएको धार्मिक तथा साम्प्रदायिक विरोधका घटनाले नेपाली समाजको विशेषताको रूपमा रहेको आपसी सद्भाव, सहिष्णुता तथा भाइचारामा खलल पुर्‍याउने दुष्प्रयास भएको देखिन्छ, यसले समग्र राष्ट्रको सुरक्षा व्यवस्थामा चुनौती थपेको छ । यस्ता गतिविधिलाई रोक्न बेलैमा लाग्न जरुरी छ,' उनले भने ।

कार्यक्रममा प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङले हालको परिस्थितिमा र आगामी दिनमा समेत उत्पन्न हुनसक्ने सुरक्षा चुनौतीलाई सामना गर्न प्रहरी प्रतिबद्ध रहेको बताए । उनले असहज परिस्थितिको सामना गर्दै आमनागरिकलाई शान्तिसुरक्षा र अमनचयनको प्रत्याभूति दिलाइ प्रहरीलाई नागरिक भरोसाको केन्द्रका रूपमा अगाडि बढाउन प्रहरी व्यावसायिक रूपमा सक्षम रहेको समेत धारणा राखे ।

महानिरीक्षक खापुङले भने,'नेपाल प्रहरीबिनाको समाज कल्पना पनि गर्न सकिँदैन । समाजमा प्रहरीको माग दिनप्रतिदिन बढ्दै गएको छ । विभिन्न ९३९ स्थानमा नयाँ प्रहरी इकाइको माग र ४०० भन्दा बढी इकाइमा प्रहरी कार्यालयको स्तरोन्नतिको माग रहेको छ । यसका लागि आगामी दिनमा थप २५ हजार जनशक्ति आवश्यक छ । यस विषयमा पनि सोच्नुपर्छ र प्रहरीको बोली, वचन र व्यवहार सुधार गर्न जरुरी छ । प्रहरीभित्र पनि शुद्धीकरण र सुधारका प्रशस्त आवश्यकता छन् । यसमा हामी लाग्छौँ ।'

प्रहरी दिवसका अवसरमा 'लाइफ टाइम अचिभमेन्ट अवार्ड'बाट अवकाश प्राप्त प्रहरी नायब महानिरीक्षक (डिआईजी) कृष्णबहादुर राना, मोतीलाल कला उत्कृष्ट अनुसन्धान अधिकृत प्रहरी नायब उपरीक्षक (डिएसपी) धर्मराज भण्डारी, पूर्ण शान्ति पुरस्कार जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी नायब उपरीक्षक (डिएसपी) भोलाकुमार भट्टलाई प्रदान गरिएको छ ।

यस्तै, यस वर्ष कर्तव्य पालनका सिलसिलामा वीरगती प्राप्त गर्नुभएका छ प्रहरी कर्मचारीका आश्रित परिवारलाई जनही एक लाख ५० हजार रुपैयाँ नगद हस्तान्तरण गरिएको थियो । कार्यक्रममा सहीद स्मारकमा पुष्पगुच्छा अर्पण गर्नुका साथै प्रहरी दर्पण–२०८२ विमोचन गरिएको थियो ।

प्रहरी ऐन, २०१२ अनुसार स्थापना भएको नेपाल प्रहरीले आजदेखि आफ्नो स्थापनाको सात दशक पूरा गरेको छ । सुरुमा सात हजार ७१५ जनशक्ति रहेको नेपाल प्रहरीमा हाल ७९ हजार ५४१ जनशक्ति रहेको छ ।रासस

# सरकारको एकमात्र उद्देश्य निर्वाचनः प्रधानमन्त्री



**काठमाडौँ।**
प्रधानमन्त्री सुशीला कार्कीले छ महिनाभित्र निर्वाचन सम्पन्न गरी जननिर्वाचित सरकारलाई शान्तिपूर्ण रूपमा सत्ता हस्तान्तरण गर्ने प्रतिबद्धता व्यक्त गरेकी छन्।

परराष्ट्रमन्त्रीको समेत जिम्मेवारी सम्हालेकी प्रधानमन्त्री कार्कीले शुक्रबार परराष्ट्र मन्त्रालयमा नेपालस्थित कूटनीतिक निकायका प्रतिनिधिसँगको 'ब्रिफिङ'मा वर्तमान सरकारको एकमात्र उद्देश्य आगामी फागुन २१ गते स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी सत्ता हस्तान्तरण गर्ने रहेको बताइन्।

प्रधानमन्त्री कार्कीले भनिन्, 'सरकारसहित राज्यका सम्पूर्ण संयन्त्रहरू विश्वसनीय निर्वाचनका लागि आवश्यक सुरक्षा, कानूनी संरचना र व्यवस्थापन सुनिश्चित गर्न केन्द्रित छन्ृ । हामी निर्वाचन आयोगलाई सशक्त पार्दैछौँ, सुरक्षालाई सुधार गर्दैछौँ र सबै राजनीतिक दल तथा सरोकारवाला, 'जेन्जी' प्रतिनिधिहरूसँग संवाद गरिरहेका छौँ।'

उनले सरकारको प्राथमिकता आन्तरिक स्थायित्व र लोकतान्त्रिक प्रक्रियाका लागि विश्वसनीय र सुरक्षित वातावरण सुनिश्चित गर्नेतर्फ केन्द्रित रहेको स्पष्ट गरिन् । 'बहुदलीय लोकतन्त्र हाम्रो राजनीतिक प्रणालीको आधारशीला हो, लोकतान्त्रिक मूल्य र मान्यताप्रति प्रतिबद्धता नै हाम्रो एकमात्र सही बाटो हो,' उनले भनिन्।

प्रधानमन्त्री कार्कीले विदेशमा अस्थायी रूपमा बसोबास गरिरहेका नेपाली नागरिकको मताधिकार सुनिश्चित गर्न क्रमशः बाह्य मतदान प्रणाली सम्भावनाको पनि अध्ययन भइरहेको जानकारी गराइन् । अघिल्ला निर्वाचनमा जस्तै अन्तरराष्ट्रियस्तरको अवलोकनले यस ऐतिहासिक लोकतान्त्रिक अभ्यासको पारदर्शिता र विश्वसनीयता सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै उनले यस यात्रामा नेपालस्थित कूटनीतिक निकायको निरन्तर सद्भावना र सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गरिन्।

उनले आन्दोलनका क्रममा क्षतिग्रस्त प्रहरी चौकीमध्ये धेरै ठाउँमा स्थानीय आफैँले मर्मत गर्न थालिसकेको तथा हराएका वा चोरी भएका हतियार तथा उपकरण पुनःप्राप्त गर्न पनि तदारुकतासाथ काम भइरहेको जानकारी दिइन् ।

प्रधानमन्त्री कार्कीले 'जेन्जी' आन्दोलनले सबैलाई सुन्ने, प्रतिक्रिया दिने, सुधार गर्ने र परिणाम दिने सामूहिक जिम्मेवारीको गहिरो ढङ्गबाट बोध गराएको उल्लेख गर्दै यसले सुशासन, आर्थिक अवसर र सार्वजनिक जीवनमा इमानदारीका लागि जनताको आकाङ्क्षालाई झल्काउने बताइन् । यस आन्दोलनले सबैलाई ढिलो नगरी जनअपेक्षाअनुसार परिणाम दिन प्रेरित गरेको उनको भनाइ थियो।

वर्तमान सरकार गठन भएको करिब एक महिनाको यसअवधिमा राज्यसंयन्त्रभित्रका भ्रष्टाचार, कुशासन र चुनौती मात्र होइन, सुधारको विशाल सम्भावनासमेत पत्ता लगाएको उल्लेख गर्दै उनले यो नै विश्वास पुनःस्थापना गर्ने, संस्थाहरू सुदृढ पार्ने र शासन व्यवस्थालाई पारदर्शिता र सेवामुखी दिशातर्फ डोर्‍याउने उपयुक्त क्षण भएको स्पष्ट पारिन् । यो आन्दोलन पारदर्शिता र जवाफदेहिताको मागमा आधारित रहेको उनको भनाइ थियो।

- **'जेनेरेसन–जेड' बाट निकै ठूलो आशा राख्छु**

'म व्यक्तिगत रूपमा 'जेनेरेसन–जेड' बाट निकै ठूलो आशा राख्छु, जसको ऊर्जा र राजनीतिक सचेतनाले हाम्रो राजनीतिक परिवेशमा नयाँ युगको सुरुआत गराएको छ,' प्रधानमन्त्री कार्कीले भनिन्, 'म उनीहरूलाई लोकतान्त्रिक प्रक्रियामा सकारात्मक रूपमा सहभागी हुन आह्वान गर्दछु, किनकी नेपालको भविष्य साँच्चिकै उनीहरूमै निहित छ ।' उनले राजनीतिक दलहरूले पनि यस नयाँ पुस्तासँग सकारात्मक र रचनात्मक रूपमा सहकार्य गर्ने अपेक्षा गरे।

आफू नेतृत्वको सरकार जनताको इमानदारी र कानूनको शासनप्रतिको प्रबल मागको प्रतीक भएको उल्लेख गर्दै उनले देशको शासन प्रणालीमा उच्चतम मापदण्ड स्थापित गर्ने दृढ सङ्कल्पसहित जेन्जी आन्दोलनको जगमा बनेको वर्तमान सरकार पारदर्शी, उत्तरदायी र सही ढङ्गले काम गर्न सक्छ भन्ने देखाउने बताइन्।

प्रधानमन्त्री कार्कीले हालैको जेन्जी आन्दोलनका क्रममा भएको हिंसाका कारण र तथ्यहरू पत्ता लगाउन स्पष्ट अधिकारसहितको न्यायिक छानबिन आयोग गठन गरिएको जानकारी गराउँदै उच्चस्तरीय भ्रष्टाचारका आरोपमाथि विश्वसनीय र निष्पक्ष छानबिनसमेत आरम्भ गर्न लागेको बताइन् । यसले कुनै पनि व्यक्ति कानूनभन्दा माथि नभएको स्पष्ट सन्देश दिने उनको भनाइ थियो।

सेवाप्रवाह र जनउत्तरदायित्व सुधारका लागि 'हेलो सरकार' प्रणालीलाई नयाँ ऊर्जासहित पुनर्जीवित गरिएको अवगत गराउँदै प्रधानमन्त्री कार्कीले सार्वजनिक कोषको दुरुपयोग रोक्न र पारदर्शिता बढाउन बजेट संशोधन गरिएको, साथै पुराना भ्रष्टाचारका मुद्दाहरू पुनःसक्रिय गरी कारबाही प्रक्रिया अगाडि बढाइएको बताइन्।

निजी क्षेत्रलाई आर्थिक वृद्धि र रोजगारी सिर्जनाको प्रमुख इञ्जिनका रूपमा पहिचान गर्दै त्यसलाई सुदृढ पार्न नीति सुधारका श्रृंखलाबद्ध कदम चालिएको उनले जानकारी गराइन् । 'यी कदम केबल सुरुआत हुन् । आर्थिक र राजनीतिक सुधार केबल जेन्जीको माग होइनन्, यी त प्रत्येक नेपाली नागरिकको साझा आकाङ्क्षा हुन,' प्रधानमन्त्री कार्कीले भनिन्।

नेपालको परराष्ट्र नीति संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशिलको सिद्धान्त, अन्तरराष्ट्रिय कानून र विश्व शान्तिका साझा मूल्य र मान्यतामा आधारित रहेको स्पष्ट गर्दै उनले संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसनका लागि सबैभन्दा ठूलो सैनिक योगदानकर्ता देश नेपाल भएकामा गर्वको विषय भएको बताइन् । यो विश्व शान्तिप्रति नेपालको सानो तर अर्थपूर्ण योगदान भएको उनको भनाइ थियो। आगामी निर्वाचन तयारीसँगै तत्कालीन आर्थिक पुनःस्थापनाको व्यवस्थापन पनि गर्नुपर्ने उनले उल्लेख गरिन्।

'व्यावसायिक विश्वास पुनःस्थापना गर्न, पूर्वाधार क्षतिको समाधान गर्न र नयाँ सरकार गठन नभएसम्म अत्यावश्यक सार्वजनिक सेवा सञ्चालनमा राख्नका लागि अन्तरराष्ट्रिय सहयोगको हामी उच्च मूल्याङ्कन गर्छौं,' उनले भनिन्।

जेन्जी आन्दोलनका क्रममा क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माण र पुनःस्थापना अत्यावश्यक रहेको तथा यसका लागि भौतिक पूर्वाधार पुनर्निर्माण कोष स्थापना गरिएको उनले बताइन् । हालैको भीषण वर्षा, बाढी र पहिराले जलवायु परिवर्तनप्रतिको नेपालको बढ्दो संवेदनशीलता देखाएको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले यी क्षेत्रमा विकास साझेदारको सहयोगको स्वागत गरे।

'पछिल्लो परिस्थिति र त्यसपछिको अन्तरराष्ट्रिय ध्यानले तत्काल आर्थिक दबाब सिर्जना गरेको छ, विशेषगरी केही गन्तव्य देशले कडाइका साथ भिसा नियम लागू गरेपछि विप्रेषण प्रवाहमा असर परेको छ,' उनले भनिन्, 'हामी यो अवस्थालाई सहज बनाउन र श्रम कूटनीति सुदृढ गरी प्रवासी नेपाली कामदारको जीवननिर्वाह तथा अर्थतन्त्रको स्थायित्व सुनिश्चित गर्न निरन्तर कूटनीतिक संवाद अघि बढाउँदैछौँ।'

उनले नेपाल अब अतिकम विकसित मुलुकको सूचीबाट स्तरोन्नति हुने तयारी अवस्थामा रहेको र यो बाटो कठिन भए पनि यसलाई सहज, अपरिवर्तनीय र दिगो बनाउन दृढ प्रतिबद्ध रहेको बताइन् । 'नेपालमा अवस्था विस्तारै सामान्यतर्फ फर्किंदैछ, जसले नेपाली जनताको अदम्य सहनशीलता र दृढता दर्शाउँछ । हामी तपाईंहरूलाई यो सकारात्मक सन्देश विश्व समुदायमा प्रवाह गरी सहयोग गर्न अनुरोध गर्दछौँ,' प्रधानमन्त्री कार्कीले भनिन्। रासस

# 'डिजी युथ कांग्रेस गठन' गर्न प्रस्ताव



**काठमाडौँ ।**
नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रदीप पौडेलले निर्वाचनअघि नै कांग्रेसमा पुस्तान्तरण तथा रुपान्तरण हुनुपर्ने माग गरेका छन् । पार्टी केन्द्रीय कार्यालय सानेपामा जारी केन्द्रीय समिति बैठकमा शुक्रबार उनले रुपान्तरण र पुस्तान्तरण भएमात्रै निर्वाचनमा बहुमत ल्याउन सकिने धारणा राखे ।

उनले मुलुकमा भएको जेन्जी आन्दोलनलाई शङ्काका रुपमा नहेरी त्यसले उठाएका मूल मुद्दा सम्बोधन हुनुपर्नेमा जोड दिए । 'जेन्जी पुस्ताले उठाएका भ्रष्टाचार अन्त्य, सुशासन, आर्थिक विकास, युवा तथा रोजगारीजस्ता विषय जायज छन्,' उनले भने, 'हामीले पूर्ण प्रजातान्त्रिक अभ्यास गर्न नसकेको, भ्रष्टाचार मौलाएको तथा जनताप्रति उत्तरदायी हुन नसकेका कारण युवाबाट यो विद्रोह भएको अर्थमा बुझ्नु मुलुकका लागि हितकर हुनेछ ।'

केन्द्रीय सदस्य पौडेलले पार्टीले पुस्तान्तरण र रुपान्तरणको युवा मुद्दा पार्टीले सम्बोधन गर्नुपर्ने भन्दै पार्टी नेतृत्वमा युवा सहभागिता वृद्धि गर्नुपर्ने प्रस्ताव गरेका छन् । उनले युवा सहभागिता वृद्धिका लागि डिजी युथ कंग्रेस गठनको अवधारणा प्रस्तुत गरेका हुन । 'यसले नयाँ पुस्ताको क्षमता र योग्यतालाई पार्टीमा जोड्ने काम गर्नेछ,' उनले भने । पौडेलले वडादेखि केन्द्रसम्म युवा सहभागिता सुनिश्चित हुने गरी नेतृत्व छनेटको प्रस्ताव गरेका छन् ।

पौडेलले विभिन्न देशमा भएका युवा विद्रोहको प्रष्ट सन्देश सुदृढ लोकतन्त्र भएको उल्लेख गर्दै जेन्जी आन्दोलनबाट सबैभन्दा बढी लाभ नेपाली कांग्रेसले लिनसक्ने धारणा राखे । यसका लागि कांग्रेसले कमजोरीको निर्मम समीक्षा गरी सुधारको वस्तुपरक बाटो रोज्नुपर्नेमा उनको जोड थियो । नेता पौडेलले युवा विद्रोहका क्रममा भएका घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाहीको पनि माग गरे ।

विद्यमान सङ्कटको निकासमा राष्ट्रपति रामचन्द्र पौडेलले खेलेको भूमिकाको प्रशंसा गर्दै उनले पार्टी सभापति शेरबहादुर देउवाप्रति भएको आक्रमणको निन्दा गरे । उनले सभापतिद्वारा पार्टी बैठकमा असोज २८ गते पेस गरिएको भनाइ जिम्मेवार रहेको भन्दै सोहीअनुसार पार्टी चल्नुपर्नेसमेत बताए ।

पूर्वस्वास्थ्य तथा जनसंख्यामन्त्रीसमेत रहनुभएका पौडेलले आफूले मन्त्रीका रुपमा रहँदा स्वास्थ्य बिमामा सुविधा वृद्धि र विपन्न वर्गलाई राहतको सीमा बढाएर सुधार थलेको भन्दै बताए । यसलाई पार्टीले आधिकारिक नीतिका रुपमा अघि बढाए स्वास्थ्यमा समाजवाद ल्याउन सकिने उनको तर्क थियो ।

**'सांसद संख्या घटाऔँ, जिल्ला समन्वय समिति खारेज गरौँ'**

नेता पौडेलले अहिलेको सङ्घ, प्रदेश तथा स्थानीय सरकार खर्चिलो भएका कारण धान्नसमेत जटिल र नागरिकमा असन्तुष्टि बढेको भन्दै पुनःसंरचनाको प्रस्ताव गरेका छन् । उनले खर्च कटौती तथा छरितो सरकारको अवधारणा प्रस्तुत गरेर प्रतिनिधिसभा सदस्यको संख्या २०१ र मन्त्रिमण्डलमा बढीमा १५ जना बनाउनुपर्ने प्रस्ताव पनि गरेका छन् । उनले प्रदेशसभाको आकार ४० प्रतिशत कम गर्ने र प्रदेश मन्त्रीमण्डल बढीमा पाँच सदस्यीय बनाउन आवश्यक रहेको धारणा राखेका छन् । स्थानीय तह ४०० मा झारेर खर्च कटौती तथा प्रभावकारी सेवा दिन सकिने भएकाले जिल्ला समन्वय समितिको औचित्य नरहेको भन्दै खारेज गर्नुपर्ने उनको प्रस्ताव छ । नेता पौडेलले स्थानीय तहमा उपाध्यक्ष तथा उपप्रमुखजस्ता पद बोझिलो देखिएको भन्दै त्यसमा कटौतीको प्रस्ताव गरेका छन् ।

**महाधिवेशनको मिति कुनै पनि बहानामा नसारौँ**

नेता पौडेलले आफ्नो प्रस्तावमा अहिलेको विद्रोहको सम्बोधन, विशेष महाधिवेशनको माग, युवाको संलग्नता वृद्धि तथा तोकिएको प्रतिनिधिसभा निर्वाचनलाई ध्यानमा राखेर तत्काल १५औँ महाधिवेशनमा जानुपर्ने प्रस्ताव गरेका छन् ।

'यसले मात्र ताजा जनादेशसहितको नेतृत्व र नीति लिएर पार्टी नयाँ ऊर्जाका साथ अगाडि आउनेछ । नवयुवाको प्रवेश बढ्नेछ । यसले मात्र देशको समस्या हल गर्ने सामथ्र्य राख्नेछ,' उनले भने ।

विशेष महाधिवेशनको प्रस्ताव गर्ने साथीलाई धन्यवाद दिँदै उनले अहिलेको अवस्थामा यो वा त्यो बहानामा पार्टी अधिवेशन पर म्याद थप्ने आदि विषयले पार्टी र देशलाई गम्भीर सङ्कटमा धकेल्ने धारणा राखे ।रासस

# दुई रोपनी क्षेत्रफलमा सयपत्री ढकमक्क



**तनहुँ ।**
शुक्लागण्डकी नगरपालिका–८ डहरेका मञ्जु श्रेष्ठले दुई रोपनी क्षेत्रफलमा सयपत्री फूल उत्पादन गरेका छन् । गत वर्ष तिहारकै बेला फूल फुल्ने गरेकामा यस वर्ष चाँडै सयपत्री फुलेपछि बजार के हुन्छ भन्नेमा अन्योल छाएको छ।

उनले विगत पाँच वर्षदेखि सयपत्री फूलखेती गरिरहनुभएको छ । गत वर्षहरूमा तिहारमा नै फुल्ने सयपत्री फूल यस वर्ष चाँडै फुलेको उनले बताए। श्रेष्ठले दुई रोपनी क्षेत्रफलमा सयपत्रीका पाँच हजार बिरुवा रोपेका छन्।

तिहारका बेला बजारको समस्या नहुने भए पनि अहिलेको फुलेको फूललाई तिहारसम्म संरक्षण गर्नुपर्ने अवस्था रहेको श्रेष्ठले बताए । उनले भने, 'अघिल्लो वर्ष बजारको समस्या थिएन । तिहारका लागि बजारको समस्या हुँदैन । तिहारपछि भने बजारको समस्या हुँदै आएको छ।'

श्रेष्ठले तिहारका लागि मात्रै नभई यसबेला गाउँघरमा हुने विभिन्न कार्यक्रमका लागि फूल बिक्री गरिरहेका छन् । विशेषगरी सहकारी संस्थाको साधारणसभाका लागि सयपत्रीको मालाको माग आउने गरेको उनको भनाइ छ।

उनका अनुसार एउटा फूलको थुङ्गा पाँच रुपैयाँसम्म बिक्री हुने गरेको छ।

यो वर्षका लागि पनि फूलको बारेमा सोधपुछ गर्ने क्रम बढेको उनले बताए।

फेसबुक, टिकटकमा फूलको भिडिओ हालेपछि केही ठाउँमा सोधखोज गर्ने बढेको श्रेष्ठले उल्लेख गरे। गत वर्षको तिहारमा मात्र श्रेष्ठले एक लाख रुपैयाँ को सयपत्री फूल बिक्री गरेका थिए। उनले भने, 'यो वर्ष अलि छिटो फुलेका कारण के हुन्छ भन्न सकिएन।' उनले मागअनुसारको फूल पुर्याउन धौधौ भएपछि व्यावसायिक रूपमा फूलखेती शुरु गरेका थिए । उनले भने, 'पहिलोपटक उत्पादन भएको फूल नजिकका आफन्तजन, साथीभाइलाई पनि पुर्याउन सकिनँ, तिहारका बेला फूलको धेरै माग हुन्छ।'

विगतमा तरकारी बेर्ना जमाएर बिक्री गर्ने श्रेष्ठले सयपत्री फूल विदेशबाट आउने गरेको थाहा पाएपछि स्वदेशमै उत्पादन गर्नुपर्छ भन्ने भावना विकास भएको बताए । श्रेष्ठले भने 'हरेक सामान विदेशबाट आउँछ, हुँदाहुँदै फूल पनि विदेशबाट आउने गरेको देखेपछि आफैँलाई धिक्कार लाग्यो, हामी पनि फूलखेती गर्न सक्छौँ भन्ने सोच र आत्मविश्वास वृद्धि भयो । नेपाललाई फूलमा आत्मनिर्भर गराउन मेरो पनि केही योगदान होस् भन्नका लागि फूलखेती गरेको हुँ।'
रासस




**फुटबल सिक्दै किशोर किशोरीः** कास्कीको पोखरास्थित पोखरा रङ्गशालामा फुटबल सिक्दै गरेका किशोरकिशोरी र पृष्ठभूमिमा देखिएको माछापुच्छ्रे हिमाल ।
तस्बिरः राम थापा/रासस

# विद्युतीय सामग्रीको व्यापार घट्यो

**चितवन ।**
नारायणगढको लायन्सचोकमा रहेको लामिछाने बिजुली पसलका सञ्चालक अशोक लामिछाने गत वर्षको तुलनामा यस वर्षको तिहारमा प्रयोग हुने झिलीमिली बत्ती (विद्युतीय सामग्री) को व्यापार आधा घटेको बताउछन् । पछिल्लो समय घर निर्माणमा सुस्तता आउँदा व्यापार घटेको उनको बुझाइ छ ।

लामिछाने भन्छन्, 'गत वर्ष यतिबेला व्यापार भ्याइनभ्याइ हुने गरेको थियो, वर्ष त्यस्तो हुन सकेको छैन । नयाँ घर बनेनन्, पुराना घर भएकाले अघिल्ला वर्षका झालरहरूबाट काम चलाउन थालेका छन् ।'

पहिलेपहिले भारतबाट आउने झालर दोस्रो वर्ष प्रयोग गर्दा आधाभन्दा बढी बिग्रिने गरेको भए पनि पछिल्ला वर्षमा चीनबाट आउने झालर दोस्रो वर्ष प्रयोग गर्दा १० प्रतिशत हाराहारी मात्रै बिग्रिने भएकाले पनि नयाँ किन्नेहरू कम भएको उनको भनाइ छ ।



विद्युत् व्यावसायिक सङ्घ चितवनका अध्यक्ष विष्णुप्रसाद चालिसेले हाल आउनुपर्ने पर्याप्त सामान बजारमा आउन नसकेको र पहिलेको जस्तो उत्साह पनि नभएको बताए ।

नेपालमा तिहारका लागि आवश्यक पर्ने झालर भारत र चीनबाट आउने गर्दछन् । तीमध्ये तातोपानी र केरुङ भन्सारबाट आउने सामान रोकिएको र आएका विद्युतीय झालरसमेत बिक्र छाडेको चालिसेले बताए । 'गत वर्षको तुलनामा यस वर्ष ५० प्रतिशत व्यापार घट्ने अनुमान गरेका छौँ ।

अघिल्लो वर्ष जिल्लामा १० करोड रुपैयाँ हाराहारी करोबार भएकामा यस वर्ष पाँच रुपैयाँ देखि छ करोडको व्यवसाय हुने अनुमान गरिएको छ । व्यापार घटेसँगै श्रमिक कटौती गर्नुपर्ने र विद्युतको काम गर्ने प्राविधिकले समेत काम नपाउने अवस्था छ', उनले भने ।

विद्युतीय सामग्रीको बिक्रीका लागि चितवन अग्रणी जिल्लामध्ये एक पर्दछ । काठमाडौँ, पोखरालगायत सहरपछि चितवनमा झालरको बिक्री बढी हुने गर्दछ । जिल्लाको सङ्घमा आबद्ध रहेका २४४ वटा व्यवसायी रहेका छन् । पूर्वी चितवनमा विद्युत् व्यवसायी सङ्घमा रहेका १४३ जना व्यवसायीलेसमेत व्यवसाय हुन नसकेको गुनासो गरेको उनले सुनाए । दसैँअघि भएको जेनजी आन्दोलनको प्रभाव व्यवासयमा परेको उनले बताए ।

विद्युत् व्यवसायी महासङ्घका पूर्वकेन्द्रीय अध्यक्ष तेजनारायण खरेल १० वर्षअघि जति पनि व्यापार नभएको बताउछन् । उनको भनाइमा १० वर्षअघि विदेशबाट ४० करोड रुपैयाँ भन्दा बढीको सामग्री आयात हुने गरेकाले हरेक वर्ष बढ्नुपर्नेमा उल्टै घट्दै गएपछि व्यवसायीहरू निराश भएका छन् ।रासस

# पुष्प व्यवसायमा आठ अर्ब ८३ करोड लगानी, ५३ हजार रोजगार



**काठमाडौँ ।**
नेपालीहरुको दोस्रो ठूलो चाड तिहार शुरु भएसँगै फूल किनबेचसमेत बढेको छ । फूल र रङको पर्वको रुपमा रहेको तिहार शुरु भएसँगै फूलको किनबेच बढेको हो ।

पूजाआजादेखि विवाह, स्वागत, बिदाइदेखि मृत्युपछि समेत प्रयोग हुने फूलखेतीमा पछिल्लो समय नेपाल आत्मनिर्भर हुँदै गएको छ । नेपालमा २०११ सालदेखि सामान्य रुपमा फूलखेती हुँदै आए पनि २०५० सालको दशकपछि भने यसले व्यावसायिक रुप धारणा गरेको हो ।पछिल्लो एक दशकयता नेपालमा फूलको व्यावसायिक खेती गर्नेको संख्या बढ्दो छ । पुष्प व्यवसायबाट मनग्य आम्दानी हुने भएपछि कृषिका अन्य क्षेत्रसँगै पुष्पखेती गर्नेको संख्या बढ्न थालेको हो । यस्तै, पूm लको प्रयोग धेरै हुने भएकाले तिहारलक्षित फूलखेती गर्नेको संख्या बढ्दै गएको छ । छोटो समयमा पर्याप्त आम्दानी हुने भएकाले तिहारमा प्रयोग हुने सयपत्री र मखमलीको व्यावसायिक खेती हुने गरेको छ । विशेषगरी तिहारमा फूलको व्यापार धेरै हुने गरेको छ । तिहारमा काठमाडौँ उपत्यकाभित्र मात्र ४० लाखभन्दा बढी माला बिक्री हुने गरेको नेपाल फ्लोरिकल्चर एसोसिएसनका अध्यक्ष राजेशभक्त श्रेष्ठ बताउछन् । फूलको प्रयोग बढिरहेको नेपालमा नर्सरीदेखि जमिन भाडामा लिएर पुष्प व्यवसाय गर्न थालिएको उनको भनाइ छ । बढ्दो सहरीकरणको विकास तथा विस्तारसँगै सातै प्रदेशका मुख्य सहर तथा देशका ५२ जिल्लामा पुष्पखेती भइरहेको अध्यक्ष श्रेष्ठ बताउछन् । 'नेपालको वातावारण पूm लखेतीका लागि अनुकूल छ', उनी भन्छन् । देशभरका झण्डै २ सय ७० हेक्टर क्षेत्रफलमा पुष्पखेती गरिएको छ । पुष्प व्यवसायमा आठ अर्ब ८३ करोड रुपैयाँ भन्दा बढीको लगानी रहेको र ५३ हजार ५०० व्यक्तिलाई रोजगार प्रदान गरिएको अध्यक्ष श्रेष्ठले बताए ।

पुष्प व्यवसायको माग र आपूर्तिमा वार्षिक वृद्धिदर १० प्रतिशतभन्दा धेरै रहेको छ । कोरोना महामारीको समयमा पुष्प व्यवसायमा असर गरेको भए पनि विस्तारै पुष्प व्यवसायले गति लिँदै गएको छ । आर्थिक वर्ष २०८०/८१ मा तीन अर्ब ६८ करोड रुपैयाँ भन्दा बढीको कारोबार भएको थियो भने २०८१/८२ मा तीन अर्ब ३७ करोड रुपैयाँ को कारोबार भएको अध्यक्ष श्रेष्ठले बताए ।

भन्सार विभागको तथ्याङ्कअनुसार आव २०८०–८१ मा पुष्प तथा पुष्पजन्य वस्तुको वार्षिक निर्यात एक करोड दुई लाख १२ हजार रुपैयाँ कारोबार रहेकामा आव २०८१–८२ मा दुई करोड १३ लाख ६० रुपैयाँ बराबरको निर्यात भएको थियो । नेपालमा उत्पादन हुने फूल जापान, हङकङ, अमेरिका, अस्ट्रेलिया, कतार, क्यानडा, युएईलगायत मुलुकमा निर्यात हुँदै आएको एसोसिएसनले जनाएको छ ।

काठमाडौँ महानगरपालिकाले भने यस वर्ष स्वदेशमै उत्पादित फूललाई प्रवद्र्धन गर्ने उद्देश्यले विदेशबाट आयात गरिएको फूललाई प्रतिबन्ध गर्ने निर्णय गरेको छ । महानगरका प्रहरी प्रमुख राजुनाथ पाण्डेले केही दिनअघि पत्रकार सम्मेलन गरेर विदेशबाट आयात गरिएको फूललाई प्रतिबन्ध गर्ने नीति महानगरले लिएको बताएका थिए ।रासस

# बजेट कटौतीले भोकमरी बढाउने चिन्ता



संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले विश्वभर अहिले पनि ६ करोड ७३ लाख मानिस हरेक रात भोकै सुत्न बाध्य भइरहेको बताउनुभएको छ । त्यस्तै, करोडौँ मानिसहरू भोलिको खाना पाउने नपाउने अन्योलमा रहेका छन्ृ।

अक्टोबर १६ मा मनाइने विश्व खाद्य दिवसको अवसरमा दिइएको सन्देशमा महासचिव गुटेरेसले भने, '८० वर्षअघि संसारका मुलुकहरू भोकमरी अन्त्य गर्न एकजुट भएका थिए र त्यसयता खाद्य सुरक्षामा ठूलो प्रगति भएको छ । तर पछिल्ला सङ्कटहरूले यदि हामीले सावधानी नअपनाएसम्म यी उपलब्धिहरू टिकाउ हुन नसक्ने देखाएको छ।'

उनले भने,'हालका दशकहरूमा मोटोपनको समस्या, जलवायु परिवर्तन र द्वन्द्वग्रस्त क्षेत्रहरूमा भोकलाई हतियारको रूपमा प्रयोग गर्ने जस्ता नयाँ चुनौतीहरू देखा परेका छन् । यो अत्यन्त लज्जास्पद यथार्थ हो रआज पनि युद्ध र द्वन्द्वको पीडामा परेका मानिसहरूलाई भोकै राखिएको छ, र कतै कतै दुर्भिक्षको स्थिति समेत देखिएको छ।'

महासचिवले थपे,'भोकमरी अन्त्य गर्न हामीसँग आवश्यक स्रोत, सीप र प्रविधि छन् । अब हामीलाई चाहिएको कुरा एकता र सहकार्य हो।'

गुटेरेसले विश्व समुदायलाई फेरि एकपटक एकजुट भई यस्तो खाद्य प्रणाली निर्माण गर्न आह्वान गर्नुभयो,जसले मानिसहरूलाई पोषण मात्र प्रदान गरोस्, तर पृथ्वीको रक्षा पनि गरोस्।

**भोकमरीविरुद्धको इतिहास र पछिल्लो चिन्ता**

दोस्रो विश्वयुद्धको विनाशपछि, सन् १९४५ को अक्टोबर १६ मा राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठन (एफएओ) स्थापना गरिएको थियो । त्यसैको सम्झनामा सन् १९७९ देखि हरेक वर्ष अक्टोबर १६ लाई विश्व खाद्य दिवसको रूपमा मनाइँदै आएको हो।

यस दिवसले सबैका लागि स्वस्थ, विविधतायुक्त, सस्तो र सुरक्षित खाना सुनिश्चित गर्नुपर्ने आवश्यकताबारे चेतना फैलाउने उद्देश्य राख्छ।

यता, विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले बुधबार सार्वजनिक गरेको प्रतिवेदन अनुसार, खाद्य सहायता बजेटमा भारी कटौतीका कारण एक करोड ३७ लाखभन्दा बढी व्यक्तिहरू गम्भीर भोकमरीको स्थितिमा पुग्न सक्ने चेतावनी दिएको छ।

सन् २०२५ मा डब्लुएफपीको बजेट ४० प्रतिशतले घट्ने प्रक्षेपण गरिएको छ, जसअनुसार कार्यक्रमको बजेट ६ अर्ब ४० करोड अमेरिकी डलरमा सीमित हुने अनुमान गरिएको छ।एजेन्सी

# बेनीमा घरमै प्रसूति हुनेको संख्या शून्य




**म्याग्दी ।**
बेनी नगरपालिकाले घरमा प्रसूति हुनेको संख्यालाई लगातार तेस्रो वर्ष शून्य अङ्कमा कायम राखेको छ ।
आर्थिक वर्ष २०७८–७९ यता बेनी नगरपालिकामा घरमा सुत्केरी हुने आमाहरूको संख्या शून्य छ । घरमै बच्चा जन्माउँदा आमा र बच्चाको ज्यान खतरामा पर्नुका साथै विभिन्न समस्या देखिने भएकाले पालिकाले सुरक्षित प्रसूति सेवालाई प्राथमिकता दिएको हो ।
प्रसूतिका कारण हुने जोखिम न्यूनीकरण गरी बच्चा र आमाको स्वास्थ्यमा सुधार ल्याउन गरेको प्रयासस्वरुप घरमा प्रसूति हुनेको संख्या लगातार तेस्रो वर्ष शून्य बनाइएको नगरप्रमुख सुरत केसीले बताए ।
'बेनी नगरपालिकामा बसोबास गर्ने शतप्रतिशत गर्भवतीले पछिल्लो तीन वर्षयता स्वास्थ्य संस्थामा पुगेर दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिएका छन्,' उनले भने, 'घरमा प्रसूति हुनेको संख्यालाई शून्यमा कायम राख्न चेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइरहेका छौँ ।'
बेनी नगरपालिकामा आव २०८१–८२ मा सुत्केरी भएका चार सय ३७ जनाले सुरक्षित प्रसूति सेवा लिएका जनस्वास्थ्य अधिकृत चन्दन सुवेदीले बताए । चालु आवको साउन र भदौमा सुत्केरी भएका ६६ जनाले पनि स्वास्थ्य संस्थामै पुगेर सुरक्षित प्रसूति सेवा लिएका उनले बताए ।
बेनी नगरपालिकामा आव २०७८–७९ मा आठ सय ४७, २०७९–८० मा छ सय ७७, २०८०–८१ मा तीन सय ९२ जनाले सुरक्षित प्रसूति सेवा लिएका छन् । घरमै बच्चा जन्माउँदा आमा र बच्चाको ज्यान खतरामा पर्नुका साथै महिलामा विभिन्न समस्याले सुत्केरीपछि सताउँछ ।
जोखिमयुक्त प्रसूतिका कारण हुने जोखिम न्यूनीकरण गरी बच्चा र आमाको स्वास्थ्यमा सुधार ल्याउन 'होम डेलीभरी' शून्य बनाइएको नगरउपप्रमुख ज्योति लामिछानेले बताईन । दशवटा वडा रहेको बेनी नगरपालिकामा प्रदेश अस्पताल बेनी, ज्यामरुककोट, भकिम्ली, सिङ्गा, पुलाचौर र पाल्लेखेतको स्वास्थ्यचौकीमा सुरक्षित प्रसूति सेवा उपलब्ध छ ।
अधिकांश वडाका गर्भवती सुत्केरी हुनका लागि बेनी अस्पतालमा आउने गरेका छन् । आठपटक गर्भजाँच गर्ने तथा स्वास्थ्यचौकीमै सुत्केरी हुनेलाई प्रोत्साहन गर्ने राज्यको नीति छ ।रासस

# औषधि नपाइएको गुनासो

**बागलुङ ।**
सेवालाई गुणस्तरीय बनाउँदै लगेको धवलागिरि प्रादेशिक अस्पताल बागलुङमा पुगेका बिरामीको एउटै गुनासो हुन्छ–चिकित्सकले लेखेका औषधि पाइएन ।
अस्पताल फार्मेसीमा पुगेका अधिकांश स्वास्थ्य बीमामा आबद्ध बिरामीले नियमित रूपमा सेवन गर्ने थाइराइड, कोलेस्ट्रोल, उच्च रक्तचाप, सुगर र मुटुलगायतका औषधि नपाएको गुनासो गरेका छन् ।
तीन महिनाअघि थाइराइडको औषधि नपाएर रित्तो हात फर्कनुभएका तुलसी शर्माले मेडिकल पसलमा पुगेर औषधि लगे । दोस्रोपटक अस्पताल आउँदा पनि उनले थाइराइडको औषधि पाउनुभएन । शर्मा प्रतिनिधिपात्रमात्रै हुन् । अस्पताल आउने बिरामीले परीक्षण राम्रो भए पनि औषधि नपाएको गुनासो गरिरहेका छन् ।
थाइराइड २५ र थाइराइड १२.५ को औषधि अहिले अस्पताल फार्मेसीमा उपलब्ध छैन । अस्पतालले समयमै औषधि ल्याउन नसक्दा बिरामी महँगो मूल्यमा औषधि खरिद गर्न बाध्य छन् । अस्पतालका केही स्वास्थ्यकर्मीको स्वार्थका कारण अस्पतालले सबै औषधि समयमै उपलब्ध गराउन नसकेको बिरामी बताउँछन् ।
अस्पतालका स्वास्थ्यकर्मी र फार्मेसीको बाहिर आफ्नो निजी पसल भएकाले अस्पतालमा औषधि अभाव बनाइराख्ने गरेको बिरामीको गुनासो छ ।
अस्पतालमा अहिले थाइराइडको मात्र होइन, मुटुसम्बन्धी रोगको औषधि पनि अभाव छ । समय–समयमा जीवनजल र सिटामोलको समेत अभाव देखाउँदै आएको अस्पतालले गुणस्तरीय सेवालाई वृद्धि गर्दै अघि बढेको जनाए पनि औषधि खरिदमा ढिलाइ गर्दै आइरहेको छ ।
खासगरी स्वास्थ्य बीमाका बिरामीले औषधि नपाएको गुनासो गर्दै आएका छन् । अस्पतालमा स्वास्थ्य परीक्षण राम्रो भए पनि बीमामार्फत औषधि नपाएको अस्पतालमा उपचारका लागि आएका सिसम बोहोरा बताउँछन् ।
उनले चिकित्सकले सिफारिस गरेका अधिकांश औषधि अस्पतालको फार्मेसीमा नपाइएको गुनासो गरे । फार्मेसी इन्चार्ज सन्तोष सुवेदीले औषधि ट्रान्सपोर्टमा आउन समय लागेको
बताए । औषधिको मौज्दात हेरेर समयमै खरिद गर्दा यस्तो समस्या नआउने भन्दै धवलागिरि अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा किरण तिवारीले अभाव भएका औषधि तत्काल पूर्ति गर्ने प्रतिबद्धता जनाएका छन् ।
'औषधि अभाव हुन नदिन नियमित खरिद भइरहेकै हुन्छ तर धेरै औषधि खरिद तिहारलगत्तै ठेक्कामा जानेगरी तयारी गरिएको छ, फार्मेसीलाई चुस्त बनाउन थप लागिपर्छु,' तिवारीले भने, 'नागरिकलाई सर्वसुलभ ढङ्गबाट औषधि प्रदान गर्न व्यवस्थापन टिम खटेको हुन्छ, केही औषधि अभाव भएको गुनासो आएको छ, तत्कालै समस्या समाधान गर्दछौँ ।' रासस

# सिमाना कुर्न बसेको 'चिमाङ' गाउँको मौलिकता



**मुस्ताङ ।**
झण्डै पाँच सय वर्षअघि यहाँको घरपझोङ–५ ठिनीमा राजा थर्कोचेनले शासन चलाएका थिए । मुस्ताङको पान्डाखोलादेखि तल्लो भूभाग चिमाङ र चोखोपानी खोलासम्म राजा थर्कोचेनको राज्य थियो । राजा थर्कोचेनको राज्य सुरक्षाका लागि बसाइलिएको बस्ती हो मुस्ताङको घरपझोङ–१ चिमाङ गाउँ । राजा थर्कोचेनले त्यस समय ठिनी गाउँमा रहेको तीन गाउँले थकाली समुदायमध्येको एक ध्याकल फोपे समूहलाई आफ्नो राज्यको सिमाना कुर्न र त्यहाँको रेखदेखका लागि बस्ती बसालेका थिए भन्ने भनाइ छ ।
समुद्री सतहको करिब तीन हजार मिटरभन्दा माथि उचाइको भिरालो स्थान चाखोपानी खोलाको भिरको थुम्कोमा सिमाना कुर्न बस्ती बसालेको चिमाङ गाउँका अगुवा इन्द्रप्रसाद थकाली बताउछन् । सुरुआती चरणमा यहाँ सिमाना रक्षाका लागि ठिनी गाउँबाट ध्याकल फोपे समूहलाई बस्ती बसालेर स्थानान्तरण गरेको अगुवा उनको भनाइ छ । त्यस समय यहाँ बस्ती बसालेर सिमाना रक्षाका खटिएका समूहलाई दुःख, बिरामी हुँदा झारफुक गर्ने र दैवी तथा प्राकृतिक प्रकोपबाट मुक्त गराउन पूजापाठका लागि ठिनीका राजाले त्यहीका झाँक्री फोपे समूहलाई पनि चिमाङ गाउँमै स्थानान्तरण गरेका अगुवा थकालीको भनाइ छ । त्यसपछि यहाँ ठिनीका राजाको सिमाना कुर्न ध्याकल र झाँक्री फोपेको संयुक्त बस्ती बसेको बताइन्छ ।
यहाँको चिमाङ गाउँ राष्ट्रिय गौरवको बेनी–जोमसोम सडकबाट कालीगण्डकीपारि अग्लो स्थानमा अवस्थित रहेको कृषि गाउँका रूपमा परिचित छ । यहाँ सुरुआती चरणमा ३५ घरपरिवारको बसोबास रहेकामा पछिल्लो समय यो बस्ती मिश्रित बस्तीका रूपमा परिणत भएको छ । सीमारक्षाका लागि त्यस समय बसेको चिमाङ बस्तीका एकतिहाइ घरपरिवारले बस्ती छाडिसकेको चिमाङका अगुवा इन्द्रप्रसाद थकाली बताउछन् । उनका अनुसार यहाँका कतिपय घरपरिवार वैकल्पिक व्यापार व्यवसाय र रोजगारीका लागि
पोखरा–काठमाडौँलगायत सहरमा पलायन भएका छन् । गाउँमा कृषिबाहेक अन्य सम्भावना नरहेको र भौगोलिक रूपले समेत विकट स्थानमा रहेकाले बस्तीमा पुराना मानिसको संख्या घट्दै गएको छ ।
त्यसो त यहाँको पुरानो बस्ती चिमाङमा स्थानीय घरपरिवारले बस्ती त्यागे पनि रुकुम, धादिङ र म्याग्दीबाट मानिस यहाँ आएर बस्न थालेका छन् । यहाँ स्थानीय दलित समुदायको पनि करिब पाँच–छ घर रहेको उनको भनाइ छ । तीन गाउँले थकाली समुदायका रूपमा यहाँको घरपझोङ गाउँपालिकाको ठिनी, स्याङ र चिमाङ गाउँ रहेका छन्ृ ।
यहाँको चोखोपानी खोला नजिकै भिरालो पाखोमा बसेको चिमाङ गाउँमा परम्परागत पुराना सांस्कृतिक घरहरूको बनावट निकै लोभलाग्दो र आकर्षक देखिन्छन् । निलगिरि हिमालको फेदैमा अवस्थित घना जङ्गलको मुनि चिमाङ गाउँ अवस्थित छ । यो गाउँ थकाली समुदायको सांस्कृतिक गाउँका रूपमा समेत परिचित छ ।
भौगोलिक जटिलता भएको स्थानमा त्यस समय ठिनीका राजाले बस्ती बसालेका भए पनि त्यहाँ बसोबास गर्नेहरूको दैनिकी निकै कष्टकर नै थियो । नागरिकको आधारभूत सेवा शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी र प्रशासनिकलगायतका सेवा निकै असहज थियो । गाउँसम्म पुग्ने सडक, सञ्चार, विद्युत् र कालीगण्डकी नदीमा पुल नहुँदा यहाँका नागरिक विभिन्न प्रकार सास्ती भोग्न बाध्य थिए । पछिल्लो समय यस गाउँको स्वरूपमा पहिलेको भन्दा निकै परिवर्तन आइसकेको छ । गाउँमा आधारभूत तह (१–५) सम्मको शिक्षा उपलब्ध गराउन विद्यालय खुल्यो । तर यहाँ बस्ती विस्थापित हुने क्रम, जन्मदर घट्दो हुनु र केही हुनेखानेले सुगम विद्यालयमा पढाउनेलगायत कारण यहाँका विद्यालयमा विद्यार्थी संख्या निकै कम छ । त्यसैगरी, यहाँको चिमाङ गाउँमा स्थानीय नागरिकको स्वास्थ्य सेवाका लागि आधारभूत स्वास्थ्य केन्द्र स्थापना भइसकेको छ । सेवाबाट चिमाङका नागरिकले साधारण उपचार गाउँमै पाएको अगुवा इन्द्रबहादुर थकालीको भनाइ छ । उनका अनुसार गाउँमा विद्युत्, सञ्चार, सडकलगायत सेवाको पहुँच विस्तार भएकाले चिमाङमा सम्भावना ढोका खुलेको उनले बताए । हालै कालीगण्डकी नदीमा पक्की पुल बनेको र गाउँसम्म जाने कच्ची सडक विस्तार भएकाले गाउँसम्म मोटर पुग्न थालेको छ ।
जलवायु परिवर्तन र वन्यजन्तुको आतङ्कले चिमाङ गाउँका स्थानीयलाई निकै हैरानी बनाएको छ । पछिल्लो समय जलवायु परिवर्तनका कारण स्याउ बगैँचा व्यवस्थापन गर्ने समयमा हिउँ नपर्दा कृषि उत्पादनमा प्रतिकूल असर पुगेको अगुवा थकाली बताउछन् । यहाँ स्याउलगायत अन्नबालीलाई पर्याप्त चिस्यान चाहिने र अनुकूल समयमा हिउँ नपर्दा उत्पादन कम हुने अन्नबालीमा विभिन्न रोगकीराको सङ्क्रमण देखिएको उनले बताए ।
त्यसैगरी, चिमाङका किसानले मेहेनतले गरेको खेती पनि संरक्षित वन्यजन्तु हिमाली कालो भालुले रातिको समयमा खेतबारीमा पसेर सखाप पारिदिने गरेको छ । यहाँका किसानले स्याउ र अन्य अन्नबाली जोगाउन रातिको समय थाल, टिन र ढ्याङ्ग्रो ठटाएर भालु धपाउने काम गर्दै आइरहेका छन् । यहाँ किसानले उत्पादन गरेको अन्नबाली जोगाउन वैज्ञानिक रणनीति अख्तियार गर्नुपर्ने अगुवा थकालीले सुझाए । यहाँ केही वर्षअघि भालु धपाउने यन्त्र प्रयोग गरिएको भए पनि त्यो सफल नभएको उनले जनाए । एक्यापले यहाँको खेतीयोग्य जमिनमा तारबार लगाएको भए पनि भालुको आतङ्क नरोकिएको उनको भनाइ छ ।
यहाँको प्राचीन बस्ती चिमाङ पर्यटकीय गन्तव्यका रूपमा पनि निकै सम्भावना बोकेको गाउँका रूपमा लिने गरिएको छ । चिमाङ गाउँबाट धवलागिरि हिमाल, धवलागिरि आधार शिविर, मानापाथी हिमाल र निलगिरि हिमाल निकै मनमोहक र आकर्षक देखिन्छ । त्यसैगरी यहाँबाट कालीगण्डकी करिडोर, स्याउ बगानदेखि स्याङ, मार्फा, छैरो, टुकुचे, कोवाङ र नाउरीकोटलगायत आधा दर्जन गाउँ सुन्दर देखिन्छ ।
चिमाङ गाउँ जङ्गल सफारीका लागि प्रचुर सम्भावना भएको क्षेत्र हो । गाउँबाट केही माथिसम्म जङ्गल सफारीका लागि पदमार्ग निर्माण भएको छ । गाउँमाथिको जङ्गलमा गुफा अवस्थित छ । यहाँ राउण्ड अन्नपूर्ण चक्रीय पदमार्ग रहे पनि पछिल्लो समय पदमार्गमा पर्यटक हिँड्न छाडिसकेका र पदमार्ग पनि जीर्ण बन्दै जान थालेको छ ।
गाउँमा रहेका पुराना घरहरू अहिले जोखिममा छन् । जलवायु परिवर्तका कारण वर्षा धेरै हुन थालेपछि भिरालो सतहमा अवस्थित यहाँको चिमाङ गाउँ जोखिममा रहेको अगुवा थकालीले बताए । 'पहिलापहिला त ठिकै थियो, अहिले त बढी पानी पर्न थालेको छ, वर्षाले भिर नै भासियो भने त बस्ती नै नरहने पो हो कि भन्ने चिन्ता छ,' उनले भने । गाउँका पुराना परम्परागत गुजमुज्ज घर पनि वर्षौँवर्षदेखिको घामपानीका असरले जीर्ण बन्दै जान थालेका छन् । परम्परागत घरको संरक्षण गर्न चासो नपुगेकै कारण कतिपय घरको अवस्था दयनीय रहेको उनले बताए । सरकारले सांस्कृतिक मौलिकता झल्काउने यस प्रकारका पुराना घर जोगाउन अनुदानका कार्यक्रम ल्याउन सकेमा राम्रो हुने उनले बताए ।
रासस

# कर्णालीभर सञ्चारको पहुँच विस्तार हुँदै

**कर्णाली ।**
नेपाल टेलिकम कर्णाली प्रादेशिक निर्देशनालय सुर्खेतले कर्णाली प्रदेशभर सञ्चार सेवाको पहुँच विस्तार गर्ने कार्य अगाडि बढाएको छ । नेपाल टेलिकम कर्णाली प्रादेशिक निर्देशनालय सुर्खेतका निर्देशक डा कमल लामिछानेले कर्णाली प्रदेशभर फोरजी तथा फाइबर नेट सेवाको पहुँच विस्तार गरिने बताए । उनले अहिलेसम्म यहाँका ३७ पालिकामा सञ्चार सेवा विस्तार गरिएको जनाए ।
'ग्रामीण क्षेत्रमा नेटवर्कको सुदृढीकरण र दुर्गम बस्तीमा सञ्चार सेवा पुर्याउने लक्ष्यका साथ कार्य थालेका छौं,' उनले भने, 'थप ५० पालिकासम्म सेवा सर्भेका काम पनि भइरहेका छन् । कोहलपुर–सुर्खेत १३२ केभीको विद्युत् प्रसारण सुर्खेतसम्म जोडिनेबित्तिकै फाइबर नेट सेवा विस्तार गर्न सहज हुन्छ ।' फाइबर नेटको सेवा विस्तार सुर्खेतको चिङ्गाड गाउँपालिकामा पनि जोड्ने तयारीमा रहेको उनको भनाइ थियो । सञ्चार सेवा विस्तारलाई प्राथमिकतामा राखेर काम गर्न थालिएको बताउँदै निर्देशक डा लामिछानेले दैलेख, कालीकोट, जुम्ला सिञ्जासम्म फाइबर नेटको सेवा विस्तारको काम भइरहेको उल्लेख गरे । उनका अनुसार यसका लागि प्राविधिकहरूले घरदैलोको काम गरिरहेका छन् । केन्द्रीय योजनाअन्तर्गत अपर डोल्पा, रुकुमपश्चिम, जाजरकोट, सुर्खेत लेखफर्सालगायत १० वटा स्थानमा बिटीएस सेवा सञ्चालनमा ल्याइएको छ ।
सोलार सिस्टम र विद्युतीकरणको पाटो बलियो भएमा सञ्चार सेवा विस्तार गर्न सकिने उनको भनाइ थियो । विद्युतीकरणका लागि प्रदेशभरिमा ३० वटा साइटका लागि विद्युत् प्राधिकरणलाई पेश्की उपलब्ध गराइसकेको जनाउँदै उनले दुर्गम बस्तीका १६ स्थानीय तहको बजार क्षेत्रमा पुगिएको र डिजिटल कर्णाली कन्क्लेभको परिकल्पनाअनुसार काम भइरहेको बताए ।
बिटीएसबाट डोल्पा जिल्लाको मुड्केचुलामा काम भइरहेको जनाउँदै त्यसो नभएको खण्डमा रिङ नेटबाट सेवा सञ्चालन गर्ने र सुर्खेत आसपासका क्षेत्रमा फोरजीको सेवा विस्तार गर्ने उनले जनाए । हुम्लाको हिल्सामा पनि यही वर्षमा फोरजी सेवा सञ्चालन गर्ने लक्ष्य राखिएको नेपाल टेलिकम प्रादेशिक निर्देशनालय सुर्खेतले जनाएको छ ।रासस



# जेन्जी आन्दोलनको मात्रा र तीव्रता अनुमानभन्दा ठूलोः सेना



**काठमाडौँ ।**
नेपाली सेनाले विश्वमा परिवेशमा देखिएको आन्दोलनका तुलनामा नेपालको जेन्जी आन्दोलन अनुमान गरिएभन्दा तीव्र र व्यापक रहेको निष्कर्ष निकालेको छ । सैनिक मुख्यालय जङगी अड्डामा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जेन्जी आन्दोलनबाट सुरक्षा समस्या बढ्ने आकलन गरिए पनि मात्रा र तीव्रता अनुमान गरिएभन्दा ठूलो रहेको जानकारी दिए ।

सेनाको युद्धकार्य महानिर्देशक पवनजङ्ग थापाले जेन्जी आन्दोलन विश्वव्यापी तरङ्ग देखिएकामा यहाँ भने अचानक र व्यापक रहेकाले तत्कालीन परिस्थितिमा शान्ति सुरक्षा तथा अमनचयनका लागि सुरक्षाको वस्तुपरक विश्लेषण गरी आवश्यकताको सिद्धान्तका आधारमा अघि बढेको जानकारी दिए ।

त्यसपछिको परिस्थितिमा सेनाले न्यायपालिका, अन्य सुरक्षा निकाय र राष्ट्र सेवक कर्मचारीको सहयोग र समन्वयमा शान्ति र स्थिरता कायम राख्ने विषयमा सन्तुलित ढङ्गले कार्य गर्दै आएको उनले बताए । सोही विभागका निर्देशक मनोज थापाले तत्कालीन परिस्थितिमा शान्ति सुरक्षा र अमनचयन कायम गर्न वस्तुगतढङ्गले आवश्यक पहल गरेको स्पष्ट पारे ।

आन्दोलनपछि अहिलेको अवस्था र परिणामबाटै सेनाको कस्तो खालको नियत रहेको थियो भन्ने आकलन गर्न सकिने बताउँदै उनले स्थिति सामान्यीकरण गर्न गरिएको बहुआयामिक प्रयासलाई वस्तुपरक ढङ्गबाट बुझ्ने र विश्लेषण गर्नुपर्नेमा जोड दिए ।

सेनाको बहुआयामिक भूमिका रहेकाले अग्रपङ्क्तिमा रहेर नागरिकको जीवन रक्षा र उद्धारका कार्यमा खटिँदै आएको स्पष्ट पार्दै सहायकरथी थापाले सेनाले शान्तिपूर्ण निकासका लागि सबै पक्षसँग आवश्यक परामर्श गर्नुपर्ने आवश्यकता महसुस गरेर नै विभिन्न समूहसँग छलफल गरेको बताए ।

उनले देश र जनहितका लागि अरु सबै सुरक्षा फौजसँग हातेमालो गरी काम गरिरहेको पनि जानकारी गराइयो । सञ्चारकर्मीको प्रश्नको जवाफमा सेनाले जेन्जी आन्दोलनपछिको विषम परिस्थितिमा चुनावका लागि केही सुरक्षा चुनौती भएपनि क्रमशः शान्ति सुरक्षाको वातावरण बन्दै जाने विश्वास उनको थियो । चुनावका लागि सुरक्षासम्बन्धी रणनीतिक योजना तयार गरी क्रमशः कार्यान्वयन गरिँदै लगिने सहायकरथी थापाले स्पष्ट पारे ।

सेनाका प्रवक्ता राजाराम बस्नेतले मुलुकको प्रतिरक्षा, विश्वशान्ति, वन्यजन्तु तथा पर्यावरण संरक्षण, पूर्वाधार विकास, ऐतिहासिक धरोहरको संरक्षण तथा आपत्कालीन उद्धारजस्ता कार्यमा सेनाले महत्त्वपूर्ण कार्य गर्दै आएको बताए । उनले गौरवमय इतिहास, पहिचान, परम्परा तथा संस्कृतिसँग गहिरोसँग जोडिएको सेनाले राष्ट्रको सार्वभौमसत्ता, अखण्डता, स्वाधिनता र एकताको रक्षा गर्दै आएको बताए ।

त्यसअवसरमा यस वर्षको मनसुन विपद् व्यस्थापनका क्षेत्रमा संलग्न सबै सरोकारवाला पक्षसँगको सहकार्य, सहयोग र समन्वयमा प्रभावकारी कार्य भएकाले विगतका तुलनामा जनधनको क्षति न्यून गर्न सकिएको जानकारी दिइयो । मुलुकको सर्वाधिक महत्त्वपूर्ण राष्ट्रिय गौरवका आयोजना काठमाडौँ–तराई मधेस दुरतमार्गको हालसम्मको समग्र प्रगति करिब ४३ प्रतिशत रहेकाले तोकिएको मिति र बजेटमा आयोजना सम्पन्न गर्ने दृढता व्यक्त गरियो । रासस

# पर्साका सई दासलाई उत्कृष्ट प्रहरी कार्य पुरस्कार

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रहरी प्रधान कार्यालय, नक्सालले ७०औँ प्रहरी दिवस–२०८२ को अवसरमा इलाका प्रहरी कार्यालय गंगापिपरा, रौतहटका प्रहरी नायब निरीक्षक (सई) गौरव कुमार दास लाई 'उत्कृष्ट प्रहरी कार्य पुरस्कार' प्रदान गरेको छ ।

राष्ट्र र नागरिक सेवामा समर्पित भई 'सत्य सेवा सुरक्षणम्'को आदर्शबाट अभिप्रेरित रहँदै उनले प्रभावकारी प्रहरी सेवा, शान्तिसुरक्षा कायम, उच्च अनुशासन, व्यावसायिक दक्षता र निरन्तर अठोट प्रदर्शन गरेको भन्दै नेपाल प्रहरीले उनलाई उक्त सम्मान प्रदान गरेको हो ।

प्रहरी दिवसको अवसरमा काठमाडौँमा आयोजित समारोहमा सई दासलाई पुरस्कारसहितको सम्मानपत्र प्रहरी महानिरीक्षक चन्द्र कुबेर खापुङ्गले प्रदान गरे । प्रहरी मुख्यालयले भविष्यमा पनि दासले राष्ट्रसेवामा अझ प्रेरणादायी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरेको छ । सम्मानित हुने सई दास पर्साको पकाहाँ मैनपुर गाउँपालिका वडा नं. १ धोरे निवासी हुन् ।

# तिलिचो बेस क्याम्पमा फोरजी सेवा

**काठमाडौँ ।**
मनाङको तिलिचो बेस क्याम्पमा नेपाल टेलिकमको फोरजी सेवा सुरु भएको छ । हिमालपारिको जिल्ला भनेर चिनिने मनाङको प्रसिद्ध पर्यटकीयस्थल तिलिसो बेस क्याम्पमा शुक्रबारदेखि फोरजी सेवा सञ्चालनमा आएको हो ।

तिलिचोमा फोरजी सेवा सञ्चालनमा आएसँगै सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले तिलिचोमा रहेका टेलिकमका फिल्ड इञ्जिनियर निरज गुप्तासँग भिडियोकलमार्फत कुराकानी गर्दै प्रसिद्ध पर्यटकीय क्षेत्र तिलिचोमा फोरजी सेवा सञ्चालनमा आएकामा खुसी व्यक्त गरे । उनले तिलिचो आसपास क्षेत्रमा फोरजी सेवा सञ्चालन गराउन सफल भएकामा टेलिकम र जनप्रनिनिधि र स्थानीयलाई धन्यवाद ज्ञापन गरे ।

मन्त्री खरेलले आफूले जिम्मेवारी सम्हालेदेखि नै दुर्गम क्षेत्रहरूमा टेलिकमको पहुँच पुर्याउनुपर्छ भनेर काम अगाडि बढाएको र त्यसको चरणबद्ध परिणाम आउन थालेको बताए । उनले भने, 'सरकारले दुर्गम क्षेत्रहरूमा भ्वाइस र डेटा पुर्याउने लक्ष्य लिएको छ, आज तिलिचो आसपास क्षेत्रमा फोरजी सेवा सञ्चालन हुँदा त्यहाँ जाने पर्यटक र स्थानीयलाई सहयोग पुग्ने छ । टेलिफोन र इन्टरनेट नपुगेका देशका दुर्गम क्षेत्रमा सेवा विस्तारका लागि लागिपरेका छौँ ।' तिलिचोमा रहनुभएका इञ्जिनियर गुप्ताले फोरजी सेवा सञ्चालनमा आएसँगै पर्यटक र स्थानीयलाई ठूलो सहयोग पुग्ने विस्वास व्यक्त गरे । स्थानीयलाई आफन्तसँग कुराकानी गर्न, डिजिटल पेमेन्टमा सहयोग पुग्ने बताए । तिलिचोमा यात्रा गर्ने पर्यटक र स्थानीयलाई सञ्चार आदनप्रदानका साथै उचाइमा लेक लाग्ने समस्या आउने हुनाले समस्यामा परेकाको उद्धारकार्यमा सहयोग पुग्ने बताए ।

फोरजी सेवा नहुँदा नेटवर्कको समस्याले लामो दूरीको क्षेत्रमा नेटवर्क भएको स्थानमा गएर पैसा तिर्नुपर्ने बाध्यता थियो अब, पर्यटक, व्यवसायी र स्थानीयलाई सहज रूपमा डिजिटल भुक्तानी गर्न सहज हुने इञ्जिनियर गुप्ताले बताए । तिलिचो ताल विश्वको सबैभन्दा बढी उचाइमा रहेका तालहरूमध्येको एक हो । हिमालय पर्वत शृङ्खलाअन्तर्गत मनाङ जिल्लामा अन्नपूर्ण क्षेत्रभित्र पर्ने यो ताल समुद्र सतहदेखि चार हजार ९ सय १९ मिटर उचाइमा छ ।

टेलिकमले तिलिचो बेसक्याम्पमा नयाँ बिटीएस स्थापना गरी फोरजी सेवा सञ्चालनमा ल्याएको हो । नेपालको पदयात्राका लागि प्रसिद्ध स्थलहरूमध्ये करिब चार हजार ३५० मिटरको उचाइमा तिलिचोताल जाने रुटमा टेलिकमले माइक्रोवेभ प्रविधिमार्फत टुजी तथा फोरजी सेवा सञ्चालनमा ल्याएको जनाएको छ ।

सेवा सञ्चालनमा आएसँगै खाङसार–श्रीखर्क–तिलिचो बेसक्याम्प–बाइसघुम्ती हुँदै तिलिचो ताल क्षेत्रका बासिन्दा तथा पर्यटकहरूलाई सञ्चार सम्पर्क गर्न र पर्यटन, होटललगायत व्यवसाय सञ्चालन गर्ने व्यवसायीलाई डिजिटल भुक्तानी प्रणालीमा आबद्ध हुनसमेत सहज हुने जनाइएको छ । उच्च उचाइ र धेरैजसो प्रतिकूल मौसमको अवस्था रहने यस क्षेत्रमा पदयात्राका क्रममा पदयात्रुलाई स्वास्थ्यसम्बन्धी कुनै समस्या भइहालेमा पनि आपतकालीन उद्धार कार्यका लागि नेपाल टेलिकमको सञ्चार सुविधाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास स्थानीयको रहेको छ । रासस

# सुशासन प्रवर्द्धन र डिजिटल रूपान्तरणमा जोड



**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सुशासन, डिजिटल रूपान्तरण, डिजिटल अर्थतन्त्र, नवीनतम प्रविधिको प्रवर्द्धन र युवाहरूको संलग्नताबारे जेन्जी युवाका प्राविधिक क्षेत्रका प्रतिनिधिहरूसँग सुझाव लिएको छ ।

सञ्चारमन्त्री जगदीश खरेलको अग्रसरतामा मन्त्रालयले पहिलोपटक जेन्जी युवाका प्राविधिक क्षेत्रका प्रतिनिधिहरूसँग छलफल गरी सुझाव लिएको हो । सञ्चार मन्त्रालयले आज आयोजना गरेको डिजिटल रूपान्तरणसम्बन्धी अन्तक्रियामामा जेन्जीका सूचना प्रविधि विज्ञहरूको सूचना प्रविधिको क्षेत्रमा युवापुस्तालाई समेटेर मन्त्रालयले आगामी कार्ययोजना बनाउनुपर्नेमा जोड दिए ।

छलफलमा सञ्चारमन्त्री खरेलले सूचना प्रविधिको अधिकतम प्रयोग गरी सुशासन प्रवद्र्धन र डिजिटल रूपान्तरणलाई प्राथमिकता दिइने बताए । उनले सुशासनका लागि डिजिटल रूपान्तरणसहित डिजिटल अर्थतन्त्र, नवीनतम प्रविधिको प्रवद्र्धनमा युवापुस्ताको सुझाव लिएर आगामी रणनीति र कार्ययोजना बनाउन पहल गर्ने दोहोर्याए ।

सञ्चारमन्त्री खरेलले जेन्जी युवाहरूको आन्दोलनका क्रममा उठेको महत्त्वपूर्ण विषय सुशासन र आवश्यक प्रविधिसम्बन्धी कामलाई प्रभावकारी बनाउन प्रविधि क्षेत्रमा सम्बद्ध युवाहरूबाट आएको सु्झाव महत्त्वपूर्ण हुने बताए । उनले भने, 'सञ्चार मन्त्रालयले बनाउने हरेक नीति र योजनामा जेन्जी पुस्ताको सुझावलाई समेटेर राम्रो 'रोडम्याप' बनाउनेछौँ, मन्त्रालयले यस्ता छलफललाई आगामी दिनमा पनि निरन्तरता दिनेछ ।'

सञ्चारमन्त्री खरेलले जेन्जी आन्दोलनको जगमा गठन भएको वर्तमान नागरिक सरकारले जेन्जीको भावनाबमोजिम निर्धारित मितिमा निर्वाचन सम्पन्न गर्ने, सुशासन प्रवद्र्धनको कामलाई प्राथमिकता दिएर क्षति भएका भौतिक संरचनाको पुनर्निर्माणको कार्यलाई अगाडि बढाउने बताए ।


मन्त्री खरेलले विपद्को समयमा प्रविधिको प्रयोगमार्फत गरिएको पूर्वसूचना प्रणालीले महत्त्वपूर्ण काम गरेको र जनधनको क्षति न्यूनीकरण भएको भन्दै शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार विकासलगायतका क्षेत्रको सुधारका लागि प्रविधिको प्रयोग महत्त्वपूर्ण हुने बताए ।

सञ्चारमन्त्री खरेलले सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र मधेसको टेलिफोन र इन्टरनेट सेवाको पहुँच विस्तार गरी सेवा गुणस्तर बनाउने उच्च प्राथमिकतामा राखेर काम गरिरहेको जानकारी दिए । सञ्चार मन्त्रालयका सचिव राधिका अर्यालले प्रविधिको प्रयोग र विकासका लागि सञ्चार मन्त्रालयले विभिन्न योजना अगाडि बढाइरहेको सन्दर्भमा युवाहरूबाट आएका महत्त्वपूर्ण सु्झावलाई समटेर अगाडि बढ्ने बताए ।

छलफलमा जेन्जी युवाका प्रविधि क्षेत्रका प्रतिनिधिहरूले भ्रष्टाचाररहित समाज निर्माण र सु्शासनको प्रवद्र्धनका लागि आवश्यक पूर्वाधारहरूको प्रभावकारी प्रयोगमा सरकारले काम गर्नुपर्नेमा जोड दिएका छन् । प्रविधिको प्रयोग र विस्तारमा जोड दिनु्पर्र्ने, देशका सबै भूभागमा मोबाइल नेटवर्कको प्रभावकारी विस्तार गर्नुपर्ने, इन्टरनेट सेवा प्रभावकारी बनाउनु्पर्ने, डिजिटल अर्थतन्त्रका लागि नेपाल टेलिकमको सेवा र प्यान नम्बरलाई व्यवस्थित बनाउनु्पर्ने, प्रभावकारी डाडा सेन्टर निर्माण गर्नुपर्ने, हेलो सरकारजस्ता टु्टेका कार्यक्रम सु्रु गरी आमनागरिकसँग जोडिनुपर्ने उनीहरूको सुझाव छ ।

जेन्जी प्रतिनिधि गौरव पाण्डेले देशका दूरदराजसम्म टेलिफोन र इन्टरनेट सेवाको पहुँच विस्तार गर्न आग्रह गरे । जेन्जी अभियान्ता युजनराज भण्डारीले जेन्जी अयिभानता र विज्ञहरूबाट आएको सुझावलाई ग्रहण गरी सरकारले मुलुकमा सुशासन प्रवद्र्धन र निर्वाचन सम्पन्न गर्ने दिशामा अग्रसर हुनुपर्नेमा जोड दिए । अर्को प्रतिनिधि सुदीप लामिछानेले युवापुस्ताको भावनालाई समेटेर सरकारले डिजिटल रूपान्तरण र नवप्रवर्तनलाई विशेष प्राथमिकता दिनुपर्ने औँल्याए । अभियान्ता आयुससकाजी डङ्गोलले प्रविधिको प्रयोगमार्फत सरकारी सेवालाई सरल र सहज बनाइनुपर्नेमा जोड दिए ।

यस्तै आशिस रिमाल, निकेश कर्माचार्यलगायतले सरकारले गरेका काम कारबाहीलाई जनतामामु लैजानुपर्नेमा जोड दिए ।रासस




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन